का.जि.प्र.का.द.नं. १००/०५९/६०
१२ फागुन २०७८, बिहीबार
24 February 2022, Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २०, अंक १९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# भू–राजनीतिक भूमरीको भय



अनुदान परियोजना एमसीसी संसदमा अनुमोदन गराउन अमेरिकाले दिएको चेतावनीयुक्त दबाव र चीनले दिएको काउण्टर चेतावनीले मुलुक भू-राजनीतिक भूमरीमा फस्ने खतरा बढेर गएको छ । तर दलहरु भने आ-आफ्नै अडानमा टसमस छैनन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ११ वैशाख ।

अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) बारे चीन फेरि बोलेको छ । बुधबार चिनियाँ विदेश मन्त्रालयका आयोजित नियमित पत्रकार सम्मेलनमा एमसीसीलाई उपहार नभएर अमेरिकाले पान्डोराज बक्स बनाउन खोजेको आरोप लगाएको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता हुवा चुनयिङले पत्रकार सम्मेलनमा एमसीसी उपहारका रुपमा नरहेको बताएकी छन् ।

“उपहार अल्टिमेटम प्याकेज सहित कहिलेबाट आउन थालेको हो, आश्चार्य लागेको छ”, उनले भनेकी छन् । नेपालमा एमसीसी अनुमोदनको दबाव अमेरिकाले बढाएपछि पत्रकार सम्मेलन गरेर चीनले दोस्रो पटक बक्तव्य जारी गरेको हो । उपहार भनेको अल्टिमेटम सहित नहुने चीनको तर्क छ । एमसीसीबारे चीनले नेपाली उखानकै प्रयोग समेत गरेको छ ।

“हेर्दा राम्रो, तर चपाउन गाह्रो” मासुको उदाहरण सहित चीनले एमसीसीमा दबाव नदिन अमेरिकाप्रति कडा बक्तव्य दिएको छ । चीनले सहयोग आपसी सहमति र समानताको सिद्धान्तमा आधारित हुने पनि प्रवक्ता चुनयिङले उल्लेख गरेकी छन् ।

एमसीसी अनुमोदन नगरे नेपालमा चीनको दबाव बढेको रुपमा बुझ्ने चेतावनी दिएपछि चीन सरकारले खुलेर बोल्न थालेको छ । गएको ६ फागुनमा मात्रै पनि चीनले एमसीसी अनुमोदनका निम्ति जबर्जस्ती नगर्न चेतावनी दिएको थियो । नियमित पत्रकार सम्मेलन गरी प्रवक्ता वाङ बेनविङले बलजफ्ती दबाव नदिन चेतावनी दिएका थिए । “अन्तर्राष्ट्रिय समुदायको नेपालसँग सहकार्य, नेपालको अर्थतन्त्रको विकास र जीविकाका लागि गर्ने सहयोगको चीन स्वागत छ । तर यो नेपाली जनताको चाहना र राजनीतिक शर्त बिना हुनुपर्छ”, उनले भनेका थिए ।

त्यसैदिन नेपालका लागि अमेरिकी राजदूत र्‍याण्डी बेरीले एमसीसीलाई लिएर हिंसा वा हिंसा भड्काउने कार्य स्वीकार्य नहुने ट्वीट गरेका थिए । अमेरिका र चीनको यो बक्तव्यबाजी बीच प्रतिनिधिसभामा

– बाँकी पृष्ठ २ मा

# संकटमा शीर्ष नेताहरु

एमसीसी अनुमोदनमा देखिएको सकसले शीर्ष नेतृत्व संकटमा देखिन्छन् । अमेरिकी र चीनको दोहोरो दबावयुक्त चेतावनीका कारण नेताहरु निर्णयमा पुग्न सकेको देखिन्न ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ फागुन ।

पाँच दलीय गठबन्धनको जगमा सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री शेरबहादुर देउवाको दौडधुप बढ्दो छ । प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति देउवा लगातार प्रमुख दलका प्रमुखहरुसँग भेटवार्तामा छन् । बुधबार प्रधानमन्त्री देउवा सत्ता गठबन्धनका प्रमुख दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई भेट्न उनकै निवास खुमलटार पुगे ।

मंगलबार साँझ प्रधानमन्त्री देउवाले विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग भेटवार्ता गरेका थिए । एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष विष्णुप्रसाद पौडेल र उपमहासचिव विष्णु रिमाल सहित ओली मंगलबार बालुवाटार पुगेका थिए । यो भेटवार्तामा देउवाले एमसीसी अनुमोदनमा सहयोग गर्न प्रस्ताव राखेका थिए । सत्ता गठबन्धनका दलहरुबाट असहयोग भएको भन्दै प्रधानमन्त्री देउवाले एमालेको साथ मागेका थिए ।

एमसीसी अनुमोदनकै आग्रह गर्न ६ फागुनमा प्रधानमन्त्री देउवा बालकोट नै पुगे । पत्नी एवम् काँग्रेस नेतृत्व आरजु सहित प्रधानमन्त्री देउवा बालकोट पुगेर एमसीसी अनुमोदनमा साथ दिन आग्रह गरेका थिए । तर ओली भने आफ्नो अडानमा टसमस भएनन् । सभामुख अग्निप्रसाद सापकोटाको राजीनामा वा नेकपा एकीकृत समाजवादीका १४ सांसद कारबाही गरिनुपर्ने मागसहित एमालेले संसद अवरोध गर्दै आएको छ । गएको २३ भदौदेखि

– बाँकी पृष्ठ २ मा

# नरोकिएको फुटको शृङ्खला

राजनीतिक कोर्स बिथोलिन पुग्दा दलहरुमा देखिएको विभाजनको यात्रा रोकिएको छैन । एमसीसीप्रतिको मतभेदकै कारण दलहरुमा फेरि विभाजनको खतरा देखिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ११ फागुन ।

गएको वर्षदेखि शुरु भएको दल विभाजनको पहिरो अझै बढ्ने खतरा देखिएको छ । गएको वर्ष प्रतिनिधिसभा विघटन गर्ने तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको निर्णय पछि दलहरुमा विभाजन देखिन थालेको थियो । २०७२ को संविधानले थ्रेसहोल्डको व्यवस्था गरेपछि राष्ट्रिय दलको संख्या घटेको थियो । संघीय संसदमा तीन दल मात्रै कायम हुन पुगेको थियो ।

२०७४ को निर्वाचनपछि नेपाल कम्युनिष्ट पार्टी (नेकपा), नेपाली काँग्रेस र जनता समाजवादी पार्टी (जसपा) मात्रै राष्ट्रिय दल थियो । सात मध्ये ६ प्रदेश र संघमा नेकपाको बहुमतको सरकार थियो । तर ओलीले संसद् विघटन गरेपछि नेकपा तीन चिरामा विभाजित भयो । कयौं नेताहरु निष्कृय बने । प्रतिनिधिसभा विघटनको निर्णय लगत्तै नेकपा विभाजित भएको थियो । अदालतबाट नेकपाको

– बाँकी पृष्ठ २ मा

# संघका संयोजक ढकालद्वारा पदवहाली

## विधान संशोधनपछि नयाँ नेतृत्वको निर्वाचन गरिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ फागुन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका संयोजक विमल प्रसाद ढकालले विधान संशोधनपछि मात्रै संघको आगामी साधारणसभा तथा नयाँ नेतृत्वको निर्वाचन गरिने बताएका छन् । गत सोमबार जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट संयोजकको जिम्मेवारी पाएका ढकालले बुधबार बिहान व्यवसायीहरूको बाक्लो उपस्थितिमा पदवहाली गरे ।

जिल्ला प्रशासन कार्यालयमा संघको मौजुदा विधानका सम्बन्धमा छलफल हुँदा विधानका धेरै पक्षमा असान्दर्भिक प्रावधान देखिएको भन्दै संयोजक ढकालले कार्यदल गठन गरी प्रतिवेदन लिएर विधान संशोधन प्रक्रिया अघि बढाउने बताए ।

संघका पूर्व अध्यक्ष हंशराज वाग्लेको कार्यकालदेखि संघको अध्यक्ष पदमा उम्मेद्वार बन्दा कम्तीमा एक कार्यकाल संघको पदाधिकारी रहेको हुनुपर्ने बाध्यकारी प्रवधान राखिएको छ । ढकालले संशोधनका विषयमा आफुले भन्नुभन्दा पनि कार्यदलले दिने प्रतिवेदनको आधारमा अघि



बढ्ने बताए ।

संयोजक ढकालले जिल्ला प्रशासन कार्यालयले आफुलाई संयोजक तोकेपछि यसअघि सहमतिका आधारमा संघको नेतृत्व चयन गर्न निवर्तमान कार्यसमितिले अगाडि बढाएका सबै प्रक्रियासमेत टुंगिएको बताए । मध्यान्हसँगको कुराकानीमा संयोजक ढकालले भने, ‘सहमतिको नेतृत्व चयनका लागि जेजति प्रयास भएका थिए, त्यसका लागि निवर्तमान कार्यसमितिलाई धन्यवाद छ । तर संघ पदाधिकारी र कार्यसमितिमा जसरी पद बाँडफाँड गर्ने सहमति गरिएको थियो, त्यो अध्याय सकियो, अब नेतृत्वको छनोट गर्दा नयाँ तरिकाबाट अघि बढिने छ ।’

संयोजक ढकालले गठन हुने ९ सदस्यीय तदर्थ कार्यसमितिमा अनुभवी चाहिने हुँदा पूर्वअध्यक्षहरूलाई समेट्ने आफ्नो पहिलो योजना रहेको बताए । उनले भने, ‘पूर्व अध्यक्षज्यूहरू कार्यसमितिमा बस्नु भएन भने राजनीतिक दल निकट व्यवसायी संस्थाको संस्थागत सिफारिसमा तदर्थ कार्यसमिति गठन हुने छ । कार्यसमितिको आकार सानो भएकाले जातीय तथा भेगीय संस्थाका प्रतिनिधिलाई समेट्न नसकिने देखिएको छ । जातीय तथा भेगीय संस्थाहरूमा पनि कुनै न कुनै दल निकट व्यवसायी रहेकोले दल निकट व्यवसायी समेट्दा सबैको

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## वैदेशिक रोजगार ऐन संशोधनका लागि कार्यदल

**काठमाडौं/रासस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारी तथा आन्तरिक श्रम बजार व्यवस्थित गर्न विभिन्न कार्यदल तथा वार्ता समिति गठन गरेको छ । श्रममन्त्री कृष्णकुमार श्रेष्ठले वैदेशिक रोजगारी तथा आन्तरिक श्रम बजारलाई व्यवस्थित गर्न छवटा कार्यदल तथा समिति गठन गरेका हुन् ।

वैदेशिक रोजगारीलाई थप सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन वैदेशिक रोजगार ऐन, २०६४ मा समसामयिक सुधार एवं परिमार्जन गर्न मन्त्रालयका रोजगार व्यवस्थापन महाशाखाका प्रमुखको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरिएको छ । कार्यदलले प्रारम्भिक मस्यौदालाई अन्तिमरुप दिन सरोकारवालासँग छलफल गरी कानुन र परराष्ट्र मन्त्रालयको राय लिई मन्त्रिपरिषद्मा पेश गर्न अन्तिम मस्यौदा प्रस्तुत गर्नेछ ।

– बाँकी पृष्ठ २ मा

साउदी अरबियास्थित AL TURKI GROUP को SAUDI READY MIX CONCRETE COMPANY को लागि GCC VALID LICENCE भएका HEAVY DRIVER को आवश्यकता

saudireadymix السعودية للخرسانة الجاهزة

पूर्व स्वीकृत मितिः २०७८/०८/१२ | चलानी नं.: ६०१६८९३७ | L.T. No.: 252307 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Duty Driver | 20 | 0 | स. काममा दक्ष | 1800 | ५७,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Valid GCC licence भएका Heavy Driver हरुले मात्र सम्पर्क गर्नुहोला । (७ दिनमा भिषा ७ दिनमा उठ्नुपर्ने)

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय, महाराजगन्ज, काठमाडौंमा २०७८ फागुन १९ गते (3 March 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ५२१/०६१/०६२
रोलेक्स रिक्रुटमेन्ट एजेन्सी प्रा. लि.
पो.ब.नं. २१५७९,महाराजगंज, काठमाडौं । फोन: ४७२१११४, ४७२०५४२, फ्याक्स: ४२२११२८
Email:- rolex.nepal@gmail.com
Mobile No.: 9851058444, 9851092212,9851044752

UAE मा वैदेशिक रोजगारको अवसर
कम्पनी: CAREER LINE FOR EMPLOYMENT-SOLE PROPRIETORSHIP L.L.C. शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०७८/११/१० | चलानी नं.: ६०१७४८७८ | LT. No.:258387

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,८५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Labor | 70 | 0 | | 900 | २९,१४२ | | | | | | | |
| 3. | Construction Carpenter | 50 | 0 | | 1200 | ३८,८५६ | | | | | | | |
| 4. | Steel Fixer | 50 | 0 | | 1200 | ३८,८५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १९ गते (3 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957, E-mail : sharonhrsolution@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
१२ फागुन २०७८, बिहीबार
24 February 2022, Thursday

# विदेशी मुद्रासहित भारतीय नागरिक पक्राउ

**काठमाडौं/मस**–काठमाडौंस्थित त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलबाट अवैध विदेशी मुद्रा (अमेरिकी डलरलगायत) सहित प्रहरीले एक भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

फ्लाई दुबईमार्फत काठमाडौंबाट दुबई जान लागेका भारतीय नागरिक शतिश परसोत्तम सजनानीलाई पक्राउ गरिएको विमानस्थल सुरक्षा कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भीमप्रसाद ढकालले जानकारी दिए । अवैध रुपमा विदेशी मुद्रा लैजान लागेको भन्ने विशेष सूचनाका आधारमा अनुसन्धान गर्दा उनको हाते झोलाबाट विभिन्न देशका मुद्रा फेला परेपछि पक्राउ गरिएको उनले जानकारी दिए ।

उनको साथबाट प्रहरीले २० हजार अमेरिकी डलर, रु ३१ हजार छ सय पाँच इङ्ल्यान्ड पाउन्ड, ५० जर्जिया लारी, एक सय भारतीय रुपैयाँ र एक हजार ३०० युएई दिराम बरामद गरेको छ ।

मंगलबार पक्राउ परेका उनलाई आवश्यक अनुसन्धान एवं कारबाहीका लागि बुधबार राजश्व अनुसन्धान विभाग, ललितपुरमा बुझाइएको विमानस्थल सुरक्षा कार्यालयद्वारा जारी सूचनामा उल्लेख छ ।

यसैबीच भारतबाट स्रोत नखुलेको नौ लाख रुपैयाँ बढी रकमसहित नेपाल प्रवेश गरेका एक युवकलाई महोत्तरी प्रहरले पक्राउ गरेको छ । पक्राउपर्नेमा भारतको विहार राज्यको सीतामढी जिल्लाको सिरसिया ग्रामपञ्चायत





बस्ने २० वर्षीय दीपककुमार चौधरी रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले बताए ।

बुधबार अपराह्न करिब ४ बजे भारतको सिरसियाबाट बीआर ३० एबी ८३४६ नम्बरको भारतीय नम्बर प्लेटको मोटरसाइकलमा कम्बलभित्र रातो प्लाष्टिकको झोलामा बेरिएर नेपाल ल्याउँदै गरेको नौ लाख ५० हजारको मनरासिस्वा नगरपालिका-२ स्थित सीमानाका नजिकैको कट्टी गाउँमा खटिएका नेपाल प्रहरीले शंकाका लागि जाँच गर्दा भारतीय युवक दीपक रकमसहित पक्राउ परेका हुन् । स्रोत नखुलेको नौ लाख ५० हजार रुपैयाँ, मोटरसाइकल र पक्राउ परेका चौधरीलाई जिल्ला प्रहरी कार्यालयले बुधबार साँझ आवश्यक कारबाहीका लागि जिल्लाको मूल भन्सार कार्यालय जलेश्वरमा बुझाएको प्रहरी नायब उपरीक्षक विष्टले बताए ।

# राष्ट्रपतिसमक्ष ओहोदाको प्रमाणपत्र पेश

**काठमाडौं/मस**– राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष नेपालका लागि कोलम्बिया, क्युवा र कजाखस्थानका गैरआवासीय राजदूतले आआफ्नो ओहोदाको प्रमाणपत्र पेश गरेका छन् ।

राष्ट्रपति भवन शीतल निवासमा बुधबार आयोजित छुट्टाछुट्टै समारोहमा नेपालका लागि कोलम्बियाका राजदूत मारिना पचेको मोन्टे, क्युवाका अलेजन्द्रो सिमानकास मरिन र कजाखस्थानका नुरलान झलगास्बयाभले ओहोदाको प्रमाणपत्र पेश गरेका हुन् ।



सो अवसरमा परराष्ट्रमन्त्री डा.नारायण खड्कालगायत नेपाल सरकारका उच्चपदस्थ अधिकारीको उपस्थिति रहेको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

# १५ वर्षदेखि अलपत्र वायु ऊर्जा आयोजना

**पर्वत/मस**– पर्वतको एक विकट गाउँमा विद्युतको माग पूरा गर्नका लागि करोडौंको लागतमा बनाइएको वायु ऊर्जा १५ वर्षदेखि अलपत्र बनेको छ । महाशिला गाउँपालिका-६ फलामखानीमा सञ्चालित हावाबाट बिजुली निकाल्ने प्रविधि (वायु ऊर्जा) मर्मतसम्भारको अभावमा अलपत्र बनेको हो ।



विसं २०६० मा स्थापना भई सञ्चालनमा आएको उक्त वायु ऊर्जा समय-समयमा मर्मतसम्भार अभावमा अलपत्र अवस्थामा गुज्रिएको छ । केन्द्रबाट विद्युत् उत्पादन त भएको छैन त्यहाँ जडित सामानसमेत काम नलाग्ने अवस्थामा पुगेपछि स्थानीयवासीले मर्मत गर्न माग गरेका छन् ।

दैनिकजसो बढ्दै गएको विद्युतको मागलाई पूर्ति गर्नका लागि स्थानीय बासिन्दाले वायु ऊर्जा मर्मतका लागि माग गरेका हन् । विसं २०६३ मा सो केन्द्र नै बन्द भएको थियो । टिटीबिजी नामक संस्थाले रु एक करोडभन्दा बढीको लगानीका वायु ऊर्जा आयोजान निर्माण गरेको थियो । तर संरक्षण र मर्मत हुन नसक्दा सुरु भएको एक वर्षमै बन्द भएपछि अयोजना अहिले अलपत्र अवस्थामा पुगेको स्थानीय शिक्षक गोविन्द विश्वकर्माले बताए । केही उपकरण अझै पनि प्रयोग गर्न मिल्ने भएकाले सरकारले ध्यान दिनुपर्ने उनको भनाइ छ ।

समुद्री सतहदेखि दुई हजार २०० मिटरको उचाइमा रहेको फलामखानी ढडेनको डाडाँमा अत्यधिक मात्रामा हावा लाग्ने भएकाले उक्त वायु ऊर्जा स्थापना गरिएको थियो । फलामखानी, भँगरालगायतका सयौं घरधुरीले विद्युत् उपभोग गर्दै आएका थिए ।

तत्तिकै अलपत्र परेको आयोजनाको काम अगाडि बढाइदिन सम्बन्धित निकायलाई स्थानीयवासीले आग्रह गरेका छन् । हावाको मापनसमेत गर्न सकिने उक्त डाँडामा आयोजनाको काम पुनः परीक्षण गरी अगाडि बढाउन सकिने जनाइएको छ । उक्त योजनाबाट पुनः विद्युत् उत्पादन गरी गाउँका सबै घरधुरीमा विस्तार गर्नका लागि जिल्ला समन्वय समिति, सम्बन्धित पालिका तथा ऊर्जा मन्त्रालयलगायतसँग माग गरिएको छ ।

संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमले तयार पारेको एक प्रतिवेदन अनुसार नेपालमा तीन हजार मेगावाट विद्युत् हावाबाट उत्पादन गर्न सकिन्छ । उक्त आयोजनाबाट करिब १२ किलोवाट बिजुली उत्पादन हुँदै आएको थियो । वायु ऊर्जा आयोजना पुनःनिर्माण गर्न सकेमा फलमखानी करिब ४०० घरधुरी र छिमेकी वडा भँगरा र पाखापानीका बासिन्दासमेत प्रत्यक्ष लाभान्वित हुने स्थानीयवासीको भनाइ छ ।

महाशिला गाउँपालिकाले वायु ऊर्जा आयोजनालाई व्यवस्थापन गर्ने योजना बनाएको छ । यसका बारेमा अध्ययन गरी पुनः सञ्चालन गर्ने वा त्यहाँ भएका उपकरणहरूको व्यवस्थापनबारे निर्णय गरिने गाउँपालिकाका अध्यक्ष राजुप्रसाद पौडेलले बताए ।

## भू-राजनीतिक...

सरकारले ८ फागुनमा एमसीसी पेश भएको छ । अघिल्लो सरकारले संसद् सचिवालयमा दर्ता गरेपनि विवादका कारण अगाडि बढ्न नसकेको एमसीसी सरकारले पेश गरेपछि राजनीतिक संकट बढेको छ ।

एमसीसीको विरोधमा प्रदर्शन बढ्दो छ । तर अमेरिकाले १६ फागुनभित्र एमसीसी अनुमोदन गराइसक्न चेतावनी दिएको छ । त्यसैकारण सत्ता गठबन्धन संकटमा परेको छ । प्रधानमन्त्री देउवाको दौडधुप बढेको छ । यसैबीच मंगलबार पनि बेरीले प्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग भेटे । आज प्रतिनिधिसभामा एमसीसी छलफल गर्न संसद सचिवालयले कार्यसूची तय गरेको छ । तर अघिल्लो दिन बुधबार चीनले कडा अभिव्यक्ति दिएको छ । दुई ध्रुवमा उभिएको शक्तिशाली मुलुकहरुको दोहोरो दबावका कारण नेपालको भू-राजनीतिक शक्ति सन्तुलन बिग्रने चिन्ता बढेको छ ।

## संकटमा...

संसद अवरोध गर्दै आएको एमाले अध्यक्ष ओलीले आफ्नो माग पूरा नभएसम्म संसदीय प्रक्रियामा भाग लिने परिस्थिति नरहेको जवाफ दिए । एमाले नेताहरुले गठबन्धन कायम रहेसम्म एमसीसीबारे कुनै निर्णय नलिने बताउँदै आएका छन् । प्रतिनिधिसभाको सवैभन्दा ठूलो दल एमाले एमसीसीकै कारण गठबन्धन भत्काउने योजनामा छन् । तर प्रधानमन्त्री देउवा भने गठबन्धन भत्काएर एमालेसँग सहकार्य गर्ने पक्षमा छैनन् । गठबन्धन भत्काए आगामी चुनावमा काँग्रेस फेरि पराजित हुने भयका कारण पनि प्रधानमन्त्री देउवा गठबन्धन तोडेर एमालेसँग सहकार्य गर्न तयार भइसकेका छैनन् ।

तर प्रधानमन्त्री देउवालाई एमसीसी अनुमोदनमा सत्ता गठबन्धनका दलहरुको साथ मिलिरहेको छैन । नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले एमसीसीको विपक्षमा मतदान गर्ने निर्णय गरिसकेका छन् । त्यसैले गठबन्धनबाट एमसीसी अनुमोदन गराउन सक्ने अवस्था छैन । जबकी एमसीसी अनुमोदन १६ फागुनभित्रै गराउन अमेरिका चर्को दबाव दिएको छ । अमेरिकी दबाव बढेपनि आ-आफ्नो दलीय स्वार्थका कारण दलहरुले प्रष्ट निर्णय लिन सकेका छैनन् । गठबन्धनका नेताहरुकै सहमतिमा एमसीसी संसदमा पेश भएपनि अनुमोदनबारे प्रष्ट हुने अवस्था बनेको छैन ।

## नरोकिएको ...

एकता प्रक्रिया नै भंग भएर फेरि नेकपा एमाले र नेकपा माओवादी केन्द्र पुनर्स्थापना भयो ।

रामबहादुर थापा सहित ठूलो संख्याका नेताहरुले माओवादी केन्द्र छोडे । एमाले विभाजित भएर नेकपा एकीकृत समाजवादी गठन भयो । वामदेव गौतमले राष्ट्रिय एकता अभियान गठन गरे । जसपा पनि विभाजित भयो । जसपाबाट अलग भएर लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बन्यो । ओलीलाई साथ दिएका महन्थ ठाकुर समूहले लोसपा बनाएका थिए । त्यो लोसपा पनि फेरि एक नहुने देखिएको छ । कतिपय नेताहरु तत्कालीन तराई, मधेश लोकतान्त्रिक पार्टी (लोसपा) गठनको तयारीमा छन् ।

एमसीसी संकटले काँग्रेस बाहेक दलभित्र मतभेद ल्याएको छ । एमालेका भीम रावल, घनश्याम भूसाल लगायतले पार्टीभित्रै चर्को असन्तुष्टि जनाएका छन् । नेकपा माओवादी केन्द्रमा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एमसीसी अगाडि बढाउन दिएको सहमतिप्रति पार्टीभित्र बहुमत नेताहरुको आपत्ति छ ।

एमसीसीकै कारण एकीकृत समाजवादीभित्र संकट देखिएको छ । पूर्वप्रधानमन्त्री झलनाथ खनालले एमसीसी पेश गर्ने सरकारको निर्णयप्रति चर्को असन्तुष्टि जनाएका छन् । खनालकै कारण एमसीसीबारे एकीकृत समाजवादीले संस्थागत निर्णय लिन सकेको छैन । जसपा त विभाजनकै डिलमा पुगेको छ । उपेन्द्र यादव एमसीसी अनुमोदनको विपक्षमा छन् भने बाबुराम भट्टराई अनुमोदनका निम्ति वकालत गर्दै आएका छन् ।

## संघका ...

श्रम प्रशासनको विद्यमान अवस्थाको अध्ययन तथा पुनरावलोकनका लागि श्रम ऐन, नियमावली संशोधन गर्न श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका महानिर्देशकको संयोजकत्वमा पाँच सदस्यीय मस्यौदा कार्यदल गठन गरिएको छ । श्रमिक सहकारी समूह गठन तथा परिचालनसम्बन्धी कार्यविधि बनाउन श्रम सम्बन्ध तथा सामाजिक सुरक्षा महाशाखाका प्रमुखको संयोजकत्वमा छ सदस्यीय कार्यदल गठन गरिएको छ । श्रमिकको सामाजिक सुरक्षा तथा सामाजिक संरक्षण सुनिश्चित गर्न श्रमिक तथा उनीहरुको परिवारको कल्याणका लागि श्रमिक सहकारी गठनको अवधारणा ल्याइएको हो । यो अवधारणा मन्त्रालयको वार्षिक कार्यक्रममा समावेश छ ।

यस्तै वैदेशिक रोजगारीमा रहेका श्रमिकका परिवारका सदस्यलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गराउने विषयमा अध्ययन गर्न वैदेशिक रोजगार विभागका महानिर्देशकको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरिएको छ । वैदेशिक रोजगारीमा जाने व्यक्तिका परिवारलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गराउने र श्रम स्वीकृति प्रदान गर्ने क्रममा नै स्वास्थ्य बीमा गराएको परिचयपत्र अनिवार्य गर्ने तयारी गरिएको छ । स्वास्थ्य बीमा बोर्डले वैदेशिक रोजगारीमा जाने श्रमिकका परिवारलाई स्वास्थ्य बीमाको दायरामा ल्याउन सातै प्रदेश र ७७ जिल्लाका कार्यालयलाई परिपत्र गर्दै कार्यान्वयनमा जान निर्देशन दिएको छ ।

मन्त्रालयले इजरायलको निर्माण क्षेत्रमा श्रमिक पठाउन संयुक्त कार्यसमुहमा प्रतिनिधित्वका लागि मन्त्रालयका रोजगार व्यवस्थापन महाशाखा प्रमुखको संयोजककत्वमा सात सदस्यीय वार्ता टोली गठन गरेको छ । इजरायलको निर्माण क्षेत्रमा श्रमिक लैजाने प्रयोजनका लागि इजरायलले यसअघि नै द्विपक्षीय वार्ता र छलफलका लागि वार्ता टोली गठन गरिसकेको छ । टोलीले निर्माण क्षेत्रमा माग गरिएको श्रमिक संख्या, न्यूनतम योग्यता, तालिम, छनोटको विधि, न्यूनतम पारिश्रमिकजस्ता विषयमा इजरायली टोलीसँग छलफल गर्नेछ ।

नेपाल र इजरायल सरकारबीच भएको श्रम समझदारीअनुसार इजरायलको श्रम बजारमा केयर गिभरका रुपमा नेपाली श्रमिक यसअघि नै जान थालेका छन् । यस्तै दक्षिण कोरियामा मौसमी कामदार पठाउने विषयमा अध्ययन गर्न मन्त्रालयका रोजगार व्यवस्थापन महाशाखा प्रमुखको संयोजककत्वमा पाँच सदस्यीय कार्यदल गठन गरिएको छ ।

भगिनी सम्बन्ध कायम भएका दक्षिण कोरिया र नेपालका स्थानीय सरकारबीच सहमति गरेर मौसमी कामदार पठाउने विषयमा अध्ययन गर्न कार्यदल बनाइएको मन्त्रालयले जनाएको छ । दक्षिण कोरियाको न्याय मन्त्रालयले त्यहाँको ग्रामीण क्षेत्रमा तीनदेखि पाँच महिनाका लागि मौसमी कामदारको रुपमा विदेशी नागरिक ल्याउने नयाँ नियम हालै जारी गरेको छ ।

कोरियाको विभिन्न नगरसँग भगिनी सम्बन्ध कायम गरेका नेपालका स्थानीय तहका प्रमुखहरुले श्रममन्त्री श्रेष्ठसँग भेट गरी मौसमीरुपमा कामदार पठाउने व्यवस्था मिलाइदिन आग्रह गरेका थिए । मंगलबार मन्त्रालयमा भएको छलफलमा सहभागी स्थानीय तहका प्रमुखले भगिनी सम्बन्ध स्थापना गरी आफ्ना क्षेत्रका युवालाई कोरियालगायत देशमा कसरी पठाउन सकिन्छ भन्नेबारेमा जिज्ञासा राखेका थिए । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ अर्याल, चन्द्रागिरि नगरपालिका प्रमुख घनश्याम गिरी, कमलामाई नगरपालिका प्रमुख खड्गबहादुर खत्री, तिलोत्तमा नगरपालिका प्रमुख वासुदेव घिमिरेलगायतले मौसमी कामदार पठाउने व्यवस्था गरिदिन मन्त्रालयसमक्ष आग्रह गरेका थिए ।

# हेलिकोप्टरमार्फत गर्भवतीको उद्धार

**खाँदबारी/मस**–संखुवासभाको दुर्गम उत्तरी क्षेत्र भोटखोला गाउँपालिका-१ किमाथाङ्काबाट गर्भवती महिलाको उद्धार गरिएको छ । अत्याधिक रक्तस्राव भएकी भोटखोला- १ किमाथाङ्का निवासी १७ वर्षीया गर्भवती पेम्बाल्हामु च्यावाको नेपाली सेनाको हेलिकोप्टरमार्फत उद्धार गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख लालध्वज सुवेदीले जानकारी दिए ।

गर्भवती १७ वर्षीया च्यावाको राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत उद्धार गरिएको हो । अत्यधिक रक्तस्राव भएपछि च्यावालाई थप उपचारका लागि हेलिकप्टरमार्फत काठमाडौं लगिएको गाउँपालिकाका स्वास्थ्य सहसंयोजक स्टाफ नर्स अमृता तामाङले बताइन् । गर्भवती च्यावालाई अत्यधिक रक्तस्राव भएपछि बुधबार दिउँसो किमाथाङ्का स्वास्थ्यचौकीमा भर्ना गरिएको थियो । स्वास्थ्य सहसंयोजक तामाङका अनुसार गर्भवती च्यावाको रक्तस्राव नरोकिएपछि बुधबार अपराह्न ४ बजे थप उपचारका लागि हेलिकोप्टरमार्फत काडमाडौंको थापाथली प्रसूति गृहमा लगिएको हो । संखुवासभामा राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत हालसम्म आधा दर्जन बढी सुत्केरी तथा गर्भवती महिलाको उद्धार गरिएको छ ।

# 'सिक्किम नेवा गुठी'लाई दुई लाखको पुरस्कार

**मोरङ/मस**– नेपाल भाषा संस्कृतिको संरक्षणमा लामो समयदेखि भारतमा योगदान दिने 'सिक्किम नेवा गुठी' गान्तोकलाई यस वर्षको दुई लाखको 'सुदर्शन-कपिला सिरपा'द्वारा सम्मान गरिने भएको छ ।

झी पुचः(नेपाल भाषा तथा सांस्कृतिक) विराटनगरद्वारा आज यहाँ आयोजित पत्रकार सम्मेलनमा विगत २५ वर्षदेखि नेपाल भाषा, जात्रा र संस्कृति संरक्षणमा गुठीले सिक्किमका सबै जिल्लामा महत्वपूर्ण योगदान पुऱ्याएकाले यही फागुन १३ गते सम्मान गर्न लागिएको जानकारी दिइएको छ ।




गुठीको योगदानका कारण सिक्किममा इन्द्रजात्राका दिन सार्वजनिक बिदा, नेपाल भाषालाई ऐच्छिक विषयका रूपमा अध्यापन गर्ने, न्हू दयाँ (नयाँ वर्ष), गाईजात्रा, बेल विवाह, व्रतबन्ध लाखेनाच जस्ता सांस्कृतिक कार्यक्रम विगतदेखि सञ्चालन गर्दै आइरहेको जानकारी दिइयो ।

सिरपा ट्रष्टका दाता एवं संरक्षण सुदर्शन र कपिला श्रेष्ठले रु २० लाखको अक्षय कोष स्थापना गरी प्रत्येक दुई वर्षमा नेपाल भाषा र संस्कृति संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वका संस्था तथा व्यक्तिलाई चयन गरिने व्यवस्था गरिएको झिपुचका अध्यक्ष हरिबहादुर श्रेष्ठले जानकारी दिए ।

पुरस्कारको राशि प्रत्येक एक वर्षमा रु ५० थप गर्ने व्यवस्था गरिएको महासचिव सुरेशलाल श्रेष्ठले बताए । संस्थाका सन्देशदास श्रेष्ठ र नेपाल पत्रकार महासंघ मोरङका अध्यक्ष सञ्जिव खनालले गुठीलाई उक्त पुरस्कार प्रदानबाट दुई राष्ट्रबीच सम्बन्ध सुदृढ हुनाका साथ विराटनगरको पहिचान स्थापित हुने विचार राखे । यसअघि उक्त पुरस्कार शताब्दी पुरुष सत्यमोहन जोशीलाई प्रदान गरिएको थियो । झी पुचःको पहल एवं विराटनगर महानगरको सहमतिमा न्युरो मार्गलाई 'शंखधर साख्वा' नामाकरण गरिएको छ ।

## वैदेशिक...

भावनात्मक प्रतिनिधित्व हुनेछ ।' ढकाललाई संयोजक तोक्न संघसहित नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन, वैदेशिक रोजगार व्यवसायी गणतन्त्रिक मञ्च, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन र समाजवादी वैदेशिक रोजगार व्यवसायी संघको लिखित सहमति थियो ।

ढकालले जिल्ला प्रशासन कार्यालय काठमाडौंमा संयोजकको सहमतिको लागि लिखित पत्र पठाएको तथा प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालसहित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठको समेत आफुलाई साथ र समर्थन रहेको बताए ।

उनलें भने, 'व्यवसायी साथीहरूले लिखितरूपमा नै सहमति जनाउनु भयो, मन्त्रीज्यूले पनि सुधारका काम गर्ने इच्छा जाहेर गरेर संयोजकका लागि आग्रह गरेपछि मेरो अरू नै व्यस्तता भएपनि संयोजकको जिम्मेवारी लिएको हुँ । कार्यसमितिको निर्वाचन गराएर यथाशक्य छिटो बिदा हुने योजना छ । यसमा सबै व्यवसायीले साथ दिनुहुने अपेक्षा लिएको छु । मेरो अघिल्लो कार्यकालमा राजनीतिक आस्थाका आधारमा तलमाथि गरिनँ, यस पटक पनि गर्ने छैन ।'

पदवहालीका क्रममा संयोजक ढकालले व्यवसायीहरूलाई अप्रमाणित विषयमा सामाजिक सञ्जालका माध्यममा जथाभावी टिप्पणी नगर्न आग्रह गरे । उनले भने, 'सिन्डिकेट र वर्गीकरण मन्त्रीले नै हल्ला हो भन्नुभएको छ । हल्लाको पछि लागेर कसैलाई बद्नाम नगरौं । अनावश्यक हल्ला गर्ने र बिना कारण व्यक्तिगत मानमर्दन गर्दै हिँड्ने हो भने वातावरण बिग्रन्छ, हुन थालेका काम पनि बिग्रने अवस्था आउँछ, तपाईं व्यवसायीहरूमा मेरो विशेष अनुरोध छ, सामाजिक सञ्जालमा धेरै ग्रुप छन्, त्यहाँ अप्रमाणित विषयमा पछि आफैं लज्जित हुनुपर्ने गरी जथाभावी नलेख्नु होला । त्यसले कसैको हित गर्दैन ।'

संयोजक ढकाललाई कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दै एसोसिएसनका अध्यक्ष नरेन्द्र प्रसाद ढकालले विभिन्न कारणले वैदेशिक रोजगार व्यवसायी निराश अवस्थामा रहेको भन्दै अध्यक्ष ढकालले संयोजक ढकालले व्यवसायीमा रहेको निराशा चिर्न सक्नुपर्ने बताए । उनले भने, 'हाम्रो पूर्ण सहयोग रहने छ । वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा विज्ञापनको अवधि डिमाणडको अवधिसम्म रहने गरी सुधार गर्नुपर्ने, वैदेशिक रोजगार विभागमा प्रहरी फोर्स व्यवसायीका कार्यालय नआउने वातावरण बनाउनुपऱ्यो ।'

मञ्चका महासचिव डिक बहादुर खत्री 'कुमार'ले सबैलाई समान प्रतिनिधित्वको सुनिश्चित गरी संघलाई सन्तुलित बनाउनुपर्ने चुनौतीलाई संयोजक ढकालले गम्भीरतापूर्वक लिनुपर्ने सुझाव दिए । सहमतिमा नेतृत्व निर्माण गर्नुपर्ने अहिलेको आवश्यकतालाई ध्यानमा राखेर काम गर्नुपर्ने महासचिव केसीको आग्रह थियो ।

एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका अध्यक्ष सन्त कुमार लामाले हल्लाका पछि नलागी सबैलाई मिलाएर लैजाने विषयमा संयोजक ढकालले ध्यान दिनुपर्ने सुझाव दिए ।

समाजवादी वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष अख्तर हुसेनले वैदेशिक रोजगार व्यवसायमा अनगिन्ती समस्या रहेको भन्दै प्राथमिकताका आधारमा समाधानका लागि पहल गर्नुपर्ने सुझाव दिए । पूर्वअध्यक्ष प्रेम कटुवालले व्यवसायी एकता अहिलेको आवश्यकता भन्दै समन्वयात्मक ढंगले अगाडि जानु उपयुक्त हुने धारणा राखे ।

कार्यक्रमको सञ्चालन गरेका संघका निवर्तमान सचिव मेघनाथ भुर्तेलले संघले भरपर्दो व्यवसायी संयोजक पाएकोले व्यवसायी एकता बलियो बन्ने बताए । सचिव भुर्तेलले संयोजक ढकाललाई संघको माइन्युट प्रदान गरे ।

**मोटरसाईकल हराएको सूचना**

मिति २०७८/११/०७ गते राति ११: ३० बजेको समयमा का. जि. तार्केश्वर नगरपालिका -५, लोलाङ्ग हाईटमा पार्किङ्ग गरि राखेको बाग्मती प्रदेश ०२-०२३ प २०४० नम्बरको पल्सर २०० सि.सि रातो/सेतो रङ्गको मोटरसाईकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनी : संचित बचत तथा ऋण सहकारी संथा लिमिटेड
च्यासिस नं : MD13A36FXMCK01305
इन्जीन नं : JLXCC154601
मो नं : 9849941262, 9848503491

**साउदीमा रोजगार**

कम्पनी: OM HASSAN FAST FOOD RESTAURANT.
शहर: KSA

पूर्व स्वीकृत मितिः २०७८/१०/११ चलानी नं.: ६०१७४९८१ LT. No.: 258491

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |


अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १९ गते (3 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Raj Group Of Company Pvt. Ltd.
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com
License No.: 1245/074/075

# सुरक्षा वातावरणमा आएको सानो परिवर्तनले असर पर्नसक्छ : प्रधानमन्त्री देउवा



**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ फागुन

प्रधानमन्त्री एवं रक्षामन्त्री शेरबहादुर देउवाले देशको संवेदनशील भू-राजनीतिक अवस्थितिका कारण अन्तर्राष्ट्रिय र क्षेत्रीय सुरक्षा वातावरणमा आएको सानो परिवर्तनले समग्र सुरक्षा क्षेत्रमा असर पर्ने भएकाले सचेत रहन निर्देशन दिएका छन् ।

महाशिवरात्रि एवं सेना दिवसका अवसरमा सैनिक मुख्यालय जङ्गी अड्डामा आयोजित दुईदिने कमाण्ड सेनापति समन्वयात्मक बैठकको शुभारम्भ गर्दै उनले अन्तर्राष्ट्रिय र क्षेत्रीय सुरक्षामा आएको सानो परिर्वतनले देशको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा असर पर्नसक्नेतर्फ ध्यानाकर्षण गराए । राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको कुशल सञ्चालनमार्फत भविष्यमा उच्चस्तरीय जनशक्ति र विशेषज्ञ उत्पादन हुने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री देउवाले मुलुकको आर्थिक विकासमा रणनीतिक महत्व राख्ने काठमाडौं-तराई-मधेस द्रुतमार्गलगायतका विभिन्न राष्ट्रिय सडक करिडोरको निर्माणमा सेनाले पुर्‍याएको योगदानको प्रशंसा गरे ।

मुलुकका सडक पूर्वाधार आयोजना समयमै सम्पन्न गर्न सेना सक्षम रहेको उल्लेख गर्दै उनले सेनाको पहलकदमीमा स्थापना हुन लागेका आयोजनामा आवश्यक स्रोतसाधनको अभाव हुन नदिने दृढता व्यक्त गरे ।

उनले 'बङ्करदेखि ब्यारेक' कार्यक्रम यथाशीघ्र सम्पन्न गरी सेनाका सकलदर्जाका लागि उचित कार्य वातावरण सुनिश्चित गर्नसमेत सरकार प्रतिबद्ध रहेको बताए । प्रधानमन्त्री एवं रक्षामन्त्री देउवाले महाशिवरात्रि तथा सेना दिवसको पूर्वसन्ध्यामा स्वदेश तथ विदेशमा कार्यरत सेनाका सकलदर्जामा सुख, शान्ति, समृद्धि र सु-स्वास्थ्यका लागि शुभकामना व्यक्त गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । प्रधानसेनापति प्रभुराम शर्माले नेपाली सेना जस्तोसुकै परिस्थितिमा पनि संविधानप्रदत्त जिम्मेवारी निर्वाह गर्न र नेपाल सरकारका विधिसम्मत आदेश अक्षरशः पालना गर्न कटिबद्ध रहेको बताए ।

उनले भने, 'देशमा विकसित राष्ट्रिय सुरक्षा र स्थायित्वसँग सरोकार राख्ने सबै प्रकारका गतिविधिका सम्बन्धमा सेनाले निरन्तर अध्ययन, अनुगमन र विश्लेषण गरिरहेको छ, त्यसबाट सिर्जना हुनसक्ने सुरक्षा चुनौतीलाई सामना गर्न सदैव तयारी अवस्थामा छ ।'बैठकमा विभाग, महानिर्देशनालय, कोर र निर्देशनालयका प्रमुख तथा कमाण्ड सेनापतिले आआफ्नो जिम्मेवारी क्षेत्रको वर्तमान वस्तुस्थिति, कार्य समीक्षा एवं सुझावसहितको प्रस्तुतीकरण गर्नेछन् ।

शुभारम्भ कार्यक्रममा रक्षा सचिव किरणराज शर्मा, पिएसओज रथीवृन्द, सबै कमाण्ड हेडक्वार्टरका कमाण्ड सेनापतिलगायत विभिन्न विभाग, महानिर्देशनालय, कोर तथा निर्देशनालयका प्रमुख तथा उपत्यकाभित्रका बाहिनी अड्डाका बाहिनीपतिको सहभागिता छ ।

# महाशिवरात्रिमा भक्तजनलाई कुनै समस्या हुन नदिन मन्त्री आलेको निर्देशन



**काठमाडौं/मस**-संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले महाशिवरात्रिको समयमा पशुपतिनाथमा देश विदेशबाट आउने भक्तजनलाई कुनै पनि कुराको समस्या हुन नदिन निर्देशन दिएका छन् ।

पशुपति क्षेत्र विकास कोषका अध्यक्षसमेत रहेका मन्त्री आलेले बुधबार कोषका पदाधिकारीलाई पशुपतिमा आउने भक्तजनका लागि आवश्यक पर्ने सम्पूर्ण कुरा पूरा गर्न निर्देशन दिए ।

उनले भने, 'भव्य र सभ्यरुपमा महाशिवरात्रि मनाउन सबै लागि परौँ, भक्तजनलाई कुनै पनि कुराको कमी नहोस् ।'

महाशिवरात्रिको समयमा पशुपति क्षेत्रलाई बिजुली बत्तीदेखि फूलहरुले सजाएर रङ्गीचङ्गी तथा झकिझकाउ बनाउनसमेत उनले निर्देशन दिए । शिवरात्रि पर्वको समयमा देश विदेशबाट आउने भक्तजनलाई लाइनमा लगाउने, शुद्ध पानी, खानाको व्यवस्थालगायतका कुरामा अहोरात्र खट्न सफल उनले आग्रह गरे ।

पशुपतिनाथमा महाशिवरात्रि पर्वमा आउने भक्तजन भोकभोकै रातिदेखि लाइनमा बसेर बिरामी हुने भएकाले उनीहरुलाई उपचारका लागि तत्काल अस्पताल पुर्‍याउन एम्बुलेन्सको व्यवस्था मिलाउनसमेत मन्त्री आलेले समितिका पदाधिकारीलाई निर्देशन दिए ।

यसैगरी मन्त्री आलेले पशुपति क्षेत्रका पर्खालहरुमा भगवान्का चित्र निर्माणको कार्य तत्काल सक्न आग्रह समेत गरे ।

यस वर्षको महाशिवरात्रि पर्व यही फागुन १७ गते मंगलबार परेको छ । यस वर्ष पशुपति क्षेत्रमा कम्तीमा १० लाख दर्शनार्थी आउने अनुमान गरिएको पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा. मिलनकुमार थापाले जानकारी दिए ।

पर्वलाई सफलतापूर्वक सम्पन्न गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री तथा कोषका अध्यक्ष आलेको अध्यक्षतामा मूल समारोह समिति र विभिन्न १० उपसमिति गठन गरिएको छ ।

# अधिकांश कैदीमा चर्मरोग




**महोत्तरी/मस**-नियमित सरसफाइ नहुँदा महोत्तरी कारागारका अधिकांश कैदी-थुनुवा चर्मरोगबाट पीडित छन् । कैदी-थुनुवा कक्षको नियमित सरसफाइ नहुँदा उनीहरुमा चर्मरोग (छालासम्बन्धी रोग) को समस्या देखिएको हो ।

कारागारको क्षमताभन्दा बढी कैदी-थुनुवा हुँदा कोचाकोच भएर बस्नुपरेको छ । सानो ठाउँमा कुचुल्किएर बस्नुपर्ने र कैदी-थुनुवा कक्षमा फोहर बढेपछि चर्मरोगको समस्या बढेको कैदी-थुनुवा बताउँछन् । 'राम्ररी कोल्टे फेर्न पनि ठाउँ छैन, कोचाकोच भएर बस्नुपरेको छ', जिउभरि खटिरा देखाउँदै थुनुवाले भने, 'कारागारमा मान्छे थपिएको थपियै छन्, नियमित सरसफाइ छैन ।'

एक सय ३५ कैदी-थुनुवा राख्न मिल्ने क्षमताको कारागारमा अहिले १९४ कैदी र ३७६ थुनुवा छन् । पुरुष र महिलाको छुट्टाछुट्टै कक्ष छ । पुरुष कक्षमा १७९ कैदी र ३४६ थुनुवा छन् । महिला कक्षमा १५ कैदी र ३२ थुनुवा रहेका जेलर अशोककुमार क्षेत्रीले जानकारी दिए । महिला कक्षमा आमाका साथमा रहेका पाँच वर्षमुनिका ६ बालक र तीन बालिका छन् । दिनहुँ बढ्ने कैदी-थुनुवाको चापले सबैको ठिक समयमा स्वास्थ्य जाँच, नियमित उपचार र आवश्यक स्याहार गर्न नसकिएको क्षेत्रीले स्वीकार गरे ।

उनले भने, 'हामी स्वास्थ्य समस्याबारे संवेदनशील नभएको होइन । कारागारमा पर्याप्त जनशक्ति छैन ।' यससँगै नियमित सरसफाइको पाटो पनि चर्मरोग बढ्नुको मुख्य कारण रहेको क्षेत्रीले बताए । भित्रको सरसफाइमा कैदी-थुनुवाले पनि ध्यान दिन नसकेको उनको भनाइ छ । कारागारमा श्वासप्रश्वास, मधुमेह, रक्तचाप र पेटसम्बन्धी समस्याका बिरामी पनि छन् । छाला चिलाउने समस्या अधिकांश कैदी-थुनुवामा देखिएको छ । छालासम्बन्धी उपचार शिविर सञ्चालन गर्न कैदी-थुनुवाले माग गरेका छन् । न्यायिक निकायबाट मुद्दा छिनोफानो समयमै नहुँदा कैदी-थुनुवाको संख्या बढ्दै गएको छ । विसं १९१३ मा निर्माण गरिएको कारागार भवन जीर्ण बनेको छ ।

## उपसभामुख शर्मा भन्छिन्-

# गुणस्तरीय शिक्षाको खाँचो छ



**पोखरा/मस**- गण्डकी प्रदेशका उपसभामुख सिर्जना शर्माले गुणस्तरीय शिक्षाका लागि शिक्षक, अभिभावक र विद्यार्थीको त्रिकोणात्मक प्रयास आवश्यक हुने बताएकी छिन् । पोखरा महानगरपालिका वडा नं. ९ वसपार्कस्थित सहारा आधारभूत विद्यालयको २५ औ वार्षिकोत्सवका अवसरमा नवनिर्मित पक्कि भवनको आज उद्घाटन गर्दै उनले सामुदायिक विद्यालयमा राज्यको लगानी अनुसार प्रतिफल प्राप्त हुन नसकेको बताइन् ।

सामुदायिक विद्यालयक भौतिक पूर्वाधारमा सम्पन्न भएपनि शैक्षिक गुणस्तर कायम हुनु नसकेको उल्लेख गर्दै उपसभामुख शर्माले यसका लागि राज्यका तीनै तहका सरकार जिम्मेवार भएर लाग्नु पर्नेमा जोड दिइन् ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण आयोजना कार्यान्वयन इकाईको ७७ लाख १० हजारको लागतमा दुई तल्ले चार कोठे भवन निर्माण सम्पन्न गरिएको हो । विद्यालयमा हाल दुई सय ६१ जना छात्रछात्रा अध्ययनरत छन् । कार्यक्रममा शिक्षा निर्देशक धनश्याम पौडेलले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न सबै पक्षको साथ र सहयोग आवश्यक पर्ने बताए ।

गैसस महानसंघ केन्द्रीय अध्यक्ष रामप्रसाद सुवेदीले श्रमजिवी वर्गका वालवालिकाको अध्ययनको थलोको रुपमा परिचित सामुदायिक विद्यालयको शैक्षिक उन्नयनका लागि शिक्षकको भूमिका महत्वपूर्ण हुने विश्वास व्यक्त गरिन् । प्रधानाध्यापक लोचना अधिकारले विद्यालयको बार्षिक प्रतिवेदन प्रस्तुत गर्दै शिक्षा महाशाखा एवम् डायल नेपालद्धारा व्यवस्था गरिएको दिवाखाजा कार्यक्रले विद्यार्थीको संख्यामा बृद्धि गर्न सहयोगि बनेको बताइन् ।

विद्यालयको भौतिक एवम् शैक्षिक क्षेत्रमा सहयोग गर्नुहुने नन्दराम गिरी, पूर्णबहादुर गुरुङ, गैससका केन्द्रीय अध्यक्ष रामप्रसाद सुवेदी, विक्रम थकालि, केशवबहादुर थापा, निर्माण व्यवसायि लिलकाजी गुरुङ, रुपा केसी, दुर्गा बहादुर गुरुङ, पूर्णकुमार श्रेष्ठ, विद्यालयका प्रधानाध्यापक लोचना अधिकारी, प्रेमबहादुर गुरुङ, सुरज परियार, रामप्रसाद पौडेललाई कदरपत्रले सम्मान गरिएको थियो ।


## मलेसियामा रोजगार | १.कम्पनी: OEL DISTRIBUTION (KL) SDN BHD. शहर: SELANGOR

पूर्व स्वीकृत मितिः २०७६/०७/१९ पून पूर्व स्वीकृत मितिः २०७८/११/११ L.T. No.: 226482
चलानी नं.: ६०१४५६६४ पून चलानी नं: ८३१ पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Factory Workers | 5 | 0 | स. काममा दक्ष | 1100 | ३४,१६५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: G GARUDA SECURITY SERVICES SDN BHD शहर: KUALA LUMPUR
पूर्व स्वीकृत मितिः २०७६/०८/१८ पून पूर्व स्वीकृत मितिः २०७८/११/११ L.T. No.: 228390
चलानी नं.: ६०१४७५७५ पून चलानी नं: ८३० पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 11 | 0 | स. काममा दक्ष | 1100 | ३४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १३ र १४ गते ( 25 & 26 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले | रु. १,५००/- रोजगारदाताले | निःशुल्क |

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी** :- १. आफ्नो नाममा भिजा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

ADVANCED MANAGEMENT CONSULTANTS (P) LTD
Lic.No:1470/2073/074
01-4964211, 9801080183 Samakhushi-26, Kathmandu
www.amgroup.com.np info@amgroup.com.np



प्रदेश सरकार
प्रदेश नं. १
## डिभिजन वन कार्यालय
भद्रपुर, झापा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः२०७८/११/१२

यस डिभिजन वन कार्यालय, झापाबाट मिति २०७८ पुस ३० को सौर्य राष्ट्रिय दैनिकमा प्रकाशित बिद्युतिय बोलपत्र आह्वानको सूचना अनुसार तपशिल बमोजिमका निर्माण कार्यहरुको लागि निर्धारित मिति र समयभित्र पेशहुन आएका बिद्युतिय बोलपत्रहरु मध्यबाट निम्न बोलपत्रदाताहरुको बिद्युतिय बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहरभई स्वीकृत गर्ने आशयले छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| सम्झौता संकेत नम्बर | निर्माण कार्य | छनौट भएको बोलपत्रदाता/निर्माण व्यवसायीको नाम तथा ठेगाना | कबोल रकम (मू.अ.कर र प्रो. स. समेत नेपाली रुपैयाँ) |
|---|---|---|---|
| DFO/JPA/WORKS/NCB/03/078-79 | Construction Of Sub-Division Office Building, Surunga, Jhapa | कोभिड कन्स्ट्रक्सन प्रा.लि. इलाम स्थायी लेखा नं. ६०९८०५०५१ | ४०,४४,०११.२५ |

डिभिजन वन अधिकृत



## QATAR मा रोजगार | कम्पनी : SWISS CONSULTANT MEDICAL CENTER शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/११/११ चलानी नं.: ६०१७४९२७ LT. No.:258329

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver ( Light) | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४५,९४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen Clean Worker | 1 | 0 | | 1000 | ३२,८२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १९ गते (3 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ९२६/०६७/०६८
वास्तु म्यानेजमेन्ट सर्भिस प्रा. लि.
Sinamangal-9, Kathmandu, Nepal, Tel. : 01-4461217, 4461317, Mob.: 9808772723
E-mail : info@vmsnepal.com, Website : www.vmsnepal.com



Hilton Academy Pvt.Ltd. A great place for career
## HOSPITALITY TRAINING
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।
कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation



विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।
नोटः ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
थप जानकारी गराउदछौं
सम्पर्क
Hilton Academy of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

मध्यान्ह
www.madhyanhadaily.com
१२ फागुन २०७८, बिहीबार
24 February 2022, Thursday

सम्पादकीय

## अपरिहार्य राष्ट्रिय सहमति

अन्तर्राष्ट्रिय शक्ति केन्द्रको सक्रियता र दबाव बढेकाले नेपालको राजनीतिक कोर्स थप जटिलतातिर बढेको छ । अमेरिकी सहयोग परियोजना एमसीसीले समाज विभाजित बनेका बेला विश्व शक्ति राष्ट्र अमेरिका र चीन एकअर्काविरूद्ध बक्तव्यबाजीमै उत्रिएका छन् । बुधबार मात्रै चीनले विदेश मन्त्रालयमा आयोजित नियमित पत्रकार सम्मेलनमा एमसीसीको विषय लिएर अमेरिकाप्रति कठोर अभिव्यक्ति दिएको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता हुवा चुनयिङले एमसीसी 'उपहार वा पान्डोराज बक्स हो' भन्ने प्रश्न गरेकी छन् । चीनले अल्टिमेटम दिएर उपहार नदिइने तर्क गरेको छ । तर अल्टिमेटमको प्याकेजसहित एमसीसीलाई उपहार भनेकोमा आश्चार्य लागेको समेत पवक्ता चुनयिङले उल्लेख गरेकी छन् । थप भनेकी छन्- यस्तो उपहार जो कोहलैे कसरी स्वीकार गर्न सक्छ ? अन्तर्राष्ट्रिय विकास सहयोग आपसी सहमति र समानताको सिद्धान्तमा आधाति हुने पनि चीनले तर्क गरेको छ ।

मंगलबार मात्रै अमेरिकी राजदूत न्याण्डी बेरीले प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई भेटेका थिए । अमेरिकाले १६ फागुनभित्र एमसीसी अनुमोदन गर्न चर्को दबाव दिएको छ । अमेरिकी सहायक विदेश मन्त्री डोनाल्ड लूले २७ माघमा टेलिफोन गरी देउवा, प्रचण्ड र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई एमसीसी अनुमोदन नगरे चीनको हस्तक्षेपका रूपमा बुझ्ने चेतावनी दिएका थिए । उनी १ मंसिरमा नेपाल भ्रमण गरी नेताहरूलाई भेटेका थिए । त्यसअघि एमसीसीका उपाध्यक्ष फातिमा सुमारले २३ भदौदेखि चार दिने नेपाल भ्रमण गरेकी थिइन् ।

६ फागुनमा एमसीसीविरूद्ध नेपालमा भइरहेको विरोधप्रति अमेरिकी राजदूत बेरीले असन्तुष्टिमा ट्वीट गरेका थिए । त्यसैदिन चीनले पनि बक्तव्य मार्फत् एमसीसी अनुमोदनको दबाव नदिने चेतावनी दिएको थियो । अमेरिकाको दबाव र चीनको चेतावनीबीच गएको आइतबार प्रतिनिधिसभामा एमसीसी पेश भएको छ । एमसीसीकै कारण सत्तारूढ गठबन्धन संकटमा परेको छ । फेरि आन्तरिक राजनीतिक कोर्स संकटतर्फ बढ्ने खतर ासँगै अमेरिका-चीन वाकयुद्ध समेत बढेको छ । यसले नेपालको भू-राजनीतिक सन्तुलन बिग्रने भय बढेको छ । तर पनि दलहरूबीचको मतभेद उस्तै छ । विभाजित समाज र राजनीतिक कोर्स सही दिशामा अगाडि बढाउन राष्ट्रिय एकता आवश्यक छ । शीर्ष नेताहरूले संकटका बेला विवेकपूर्ण निर्णय लिन जरूरी छ । अडानबा ओर्लिएर राष्ट्रिय सहमति अपरिहार्य देखिएको छ ।

# सत्ता स्वार्थको दाउपेच र एमसीसी

माके र एसलाई सिध्याउन पाए एमाले खुसी हुने अनि एमालेलाई सिध्याउन पाए उनीहरू खुसी हुने अवस्था छ । पूर्वसभामुख कृष्णबहादुर महराविरूद्व जुन षडयन्त्र भयो, त्यस्तै षडयन्त्रको हतियार अग्नीप्रसाद सापकोटाविरूद्व तयार छ । नेताहरूलाई धम्की पनि आइरहेकै देखिन्छ ।

अग्रलेख



● विष्णु पन्त




### विषय प्रवेश

एमसीसी राष्ट्रघाती सम्झौता हो भन्ने विषयमा कुनै शंका छैन तर, यसलाई सत्ता स्वार्थको विषय बनाउनु हुँदैन । न त यसलाई चुनावी गठबन्धनको विषय नै बनाउनु न्यायोचित हुन्छ । एमसीसीका विषयमा दलहरुको स्पष्ट दृष्टिकोणको माग देशले खोजेको छ । यो सत्तागठबन्धन वा चुनावी गठबन्धनको विषयसँग सट्टापट्टा गर्ने विषय हैन । दलहरुले एमसीसीको विषयमा स्वतन्त्र धारणा बनाउन सक्नुपर्छ । संसदीय दलहरु राष्ट्रघाती सन्धी सम्झौताहरुलाई सत्ताको भऱ्याङ बनाएर बहस गर्दछन् । आज सबै दल एमसीसीको विषयमा विवादित छन् । नेपाली कांग्रेसले एमसीसी सम्झौतालाई अनुमोदन गराउने विषयमा एकमतले निर्णय गरिसकेको छ । मेरो विचारमा यो नेपाली कांग्रेसको लागि महँगो साबित हुनसक्छ । नेपाली कांग्रेसलाई पटक-पटक लागेको राष्ट्रघातको आरोप अब आक्रामक ढंगले अघि बढ्न सक्छ । नेकपा एमालेले पनि आफ्नो कित्ता स्पष्ट गर्नुपर्छ । सबैले बुझ्नुपर्छ, तत्कालिन नेपाल कम्युनिष्ट पार्टीको विभाजन त्यत्तिकै गराइएको थिएन । यो विभाजनमा विदेशीहरुकै षडयन्त्र प्रधान थियो । आज कम्युनिष्टहरु विरुद्व कम्युनिष्ट लड्ने लज्जास्पद दृश्यको छायांकन र निर्देशन विदेशी शक्तिहरुबाटै भएका छन् । बरु शेरबहादुर देउवा र नेपाली कांग्रेसलाई बोक्ने तर, आफ्नै सहपाठीहरुलाई स्वीकार नगर्ने संकीर्णताले कम्युनिष्टहरुको भविष्यमाथि प्रश्न उठाएको छ । दुश्मन र मित्र चिन्न नसक्ने अनि दुश्मनलाई मित्र ठान्ने र मित्रलाई शत्रु ठान्ने कमजोरी छ । जब कम्युनिष्टहरुबीच आपसमा लडाइँ हुन्छ तब वर्ग पक्षधरताको अन्त्य हुन्छ । इतिहास साँक्षी छ, प्रचण्ड र बाबुरामले किरण, विप्लव र बादललाई लात हाने किन ? केपी ओलीलाई सत्ताबाट ढाल्नका लागि दाहाल र नेपालको देउवासँगको लगनगाँठो के बुद्धिमतापूर्ण र दुरदर्शी निर्णय थियो त ? त्यही प्रश्न ओलीलाई पनि फर्किन्छ ? आगामी चुनावमा एमाले विरोधी गठबन्धनको चर्चा पनि चलेकै छ । अर्थात् कम्युनिष्टले कम्युनिष्टलाई हराउने र तहशनहश पार्ने बुद्धि सुल्टो होला कि उल्टो ?

आज एमसीसी सत्तामा टेबल गर्ने विषयमा प्रधानमन्त्री शेरबहादुर देउवाले दुवै थरी कम्युनिष्टहरुलाई बिरालाले मुसो खेलाए जस्तै खेलाएका छन् । पुष्पकमल दाहाल र माधव नेपालले एमसीसीमा बारगेनिङ्ग गरेपछि उनले एमाले अर्थात् ओलीसँग गोप्य वार्ता र भेटघाट गरेका छन् । त्यतिमात्र हैन, एमसीसी पास गर्ने शर्तमा एमालेलाई सरकारमै सहकार्य गर्न अनुरोध गरेका छन् । उता माओवादी केन्द्र र एकीकृत समाजवादीको होस् उडेको छ, किनकी गठबन्धन भत्कीएमा आफ्नो भविष्य देखेको छैनन् । बुद्धिमतापूर्ण निर्णय यो हो की फेरि पनि संसदवादी कम्युनिष्टहरु एक हुने । संसदवादी कम्युनिष्टहरुको एउटा ध्रुवीकरण अनि बाहिर विद्रोही वा क्रान्तिकारी कम्युनिष्टहरुको अर्को धुव्रीकरण । क्रान्तिकारी कम्युनिष्टहरुको बरु एउटा मोर्चा बन्ने सम्भावना बढेको छ तर, संसदवादीहरु केवल भ्रममा बाँचेका छन् र बिरालोले खेलाएको मुसा बनेका छन् । त्यसकारण संसदभित्र कम्युनिष्ट चेतको अन्त्य भएको हुनाले यो दुरावस्था बनेको हो । संसदीय दृष्टिकोणबाट सोंच्ने हो भने पहिलो तर्क हुन्छ, देउवालाई बोक्नुभन्दा ओलीलाई नै स्वीकार गरेको भए के हुन्थ्यो ? दोस्रो तर्क पनि हुन्छ, देउवालाई प्रधानमन्त्री बनाउने वातावरण बन्न दिनुभन्दा दाहाल वा नेपाललाई बन्न सहयोग गरेको भए के हुन्थ्यो ? दुई तिहाई ल्याउनेहरु सडकमा अनि नेपाली कांग्रेस सत्तामा ! आपसमा लड्ने अनी आरोप प्रत्यारोप गर्ने प्रवृत्तिले संसदीय कम्युनिष्टहरुको अन्त्य अपरिहार्य छ ।

### नामका कम्युनिष्टको स्वार्थपूर्ण लडाइँ

नाममा प्रचण्ड नेतृत्वको पार्टी माओवादी केन्द्र छ तर, काम कांग्रेस केन्द्रको छ । नाम एमाले छ तर, काम दलालीकरणको छ । आज जनतामा कसले भ्रम छर्ने भन्ने प्रतिस्प्रर्धा छ । एमसीसीको मुद्दा आयो जनतालाई एउटा भन्ने र अमेरिकालाई अर्को भन्ने प्रतिस्पर्धा छ । उता भक्त र दलाल बन्ने होडबाजी छ, अनी जनतामा भ्रम छर्ने होडबाजी छ । एउटा स्पष्ट दृष्टिकोण दिन सक्दैन र ? नेतृत्व र दलमा विश्वसनियता चाहिँदैन र ? महाकाली सन्धीबाट केपी ओलीले सिक्नुपर्छ कि पर्दैन ? के स्वाधिनताको आन्दोलनको आवश्यकता छैन र ? देशलाई कहिलेसम्म पराधिन बनाउने ? के एमसीसी हाम्रो लागि बाध्यकारी सम्झौता हो त ? कस्ता वैदेशिक सहयोगलाई स्वीकार गर्ने र कस्तालाई अस्वीकार गर्ने भन्ने विषयमा राष्ट्रिय सहमति गर्न सकिँदैन ? सत्ताधारी गठबन्धनलाई जनताको एउटै प्रश्न छ : एमसीसी हामीले अस्विकार गर्न सक्छौं कि सक्दैनौं ? कांग्रेसको बहस सुन्ने हो भने अस्वीकार गर्ने अधिकार नै छैन् । उनीहरुको तर्क छ, अमेरिकाले चाह्यो भने उ जसरी पनि आउँछ र हामीले रोक्न सक्दैनौं । के यही हो त यथार्थता ? के एमसीसी अस्वीकार भएमा थुप्रै सुलेमानी बन्नुपर्ने हो त ? यो दलालीकरणको पराकाष्ठा हो । दलालहरुको मनोविज्ञानमा यस्तै तर्क र बुद्धि हुन्छ ।

> एमसीसीका विषयमा दलहरूको स्पष्ट दृष्टिकोणको माग देशले खोजेको छ । यो सत्तागठबन्धन वा चुनावी गठबन्धनको विषयसँग सट्टापट्टा गर्ने विषय हैन । दलहरूले एमसीसीको विषयमा स्वतन्त्र धारणा बनाउन सक्नुपर्छ । संसदीय दलहरू राष्ट्रघाती सन्धी सम्झौताहरूलाई सत्ताको भऱ्याङ बनाएर बहस गर्दछन्, जुन निकै दुःखद छ ।

त्यसकारण कम्युनिष्ट हुनुको नाताले कम्तिमा वर्ग पक्षधरताको दृष्टिकोण त हुनुपऱ्यो नी । परिवर्तन र अग्रगमनलाई हृदयदेखि स्वागत गर्ने बुद्धिको विकास गर्नुपऱ्यो । २०४६ पछि बनेको संविधानलाई संसारकै उत्कृष्ट संविधान भन्ने कम्युनिष्टहरु नै आजको संविधानलाई उत्कृष्ट भन्दै छौ । त्यसकारण आजको बहस संसदीय व्यवस्था की वैज्ञानिक समाजवाद भन्नेमा केन्द्रीत छ । सकिन्छ भने वैज्ञानिक समाजवादको पक्षमा वकालत गर्नु कम्युनिष्टहरुको न्यूनतम दायित्व हो । आजको प्रवृत्तिको हिसाबले राष्ट्रिय आत्मसमर्पणवाद की राष्ट्रिय स्वाधीनता भन्ने लडाइं छ । देशलाई माया गर्ने जोसुकैका लागि स्वाधिनता प्रिय हुनुपर्ने होइन र ? देशलाई स्वाधीन बनाउने हो भने सबैभन्दा सजिलो विधि हो : राष्ट्रिय सहमति । सबै दल मिलेर एमसीसी सम्झौता अस्वीकार गर्दा राष्ट्रले जित्छ । सबै मिलेर अग्रगमनको वा परिवर्तनको पक्षपोषण किन नगर्ने ? के यो चेत सबैभन्दा पहिले कम्युनिष्ट नामधारी नेतामा आउन सक्ला ?

### एमसीसीविरुद्ध राष्ट्रवादी मोर्चा अपरिहार्य

सबैभन्दा पहिला देशलाई स्वाधीन र स्वतन्त्र बनाउन आवश्यकता छ । हामीले हाम्रो असंलग्न परराष्ट्र नीतिलाई जोगाउनु पर्ने अवस्था बनेको छ । एमसीसी सम्झौतालाई सदनबाट अनुमोदन गर्नका लागि मुख्य गरी नेपाली कांग्रेस, माओवादी केन्द्र र एमालेका नेतालाई चेतावनी र दबाब आएको छ । शेरबहादुर देउवा, पुष्पकमल दाहाल र केपी ओलीमाथिको दबाब अचम्म लाग्दो छ । नेताहरुलाई देशभन्दा सत्ता ठूलो बन्नु हुँदैन । आज नेपालको राष्ट्रिय झण्डा बोकेर सडकमा निस्कनु पर्ने बेला बनेको छ । आजको विश्वको नयाँ शक्ति संघर्षलाई हामीले नजिकबाट नियाल्नु पर्छ । चीन र अमेरिका अनि रुस अमेरिका तथा नेटो राष्ट्रबीचको शक्ति टकराब अनि चीन र रुसबीचको सहकार्यलाई बुझ्न सक्नुपर्छ । नेपालभित्र स्थीरता वा अस्थीरता चाहने शक्ति राष्ट्रका प्रवृत्तिलाई पनि बुझ्नुपर्छ ।


चीन नेपालमा स्थीरता र शान्ती चाहन्छ भने अमेरिका र भारत नेपालमा अस्थिरता चाहन्छन् । चीन र अमेरिकाबीचको संघर्षमा अमेरिका जसरी पनि नेपाल छिर्ने दाउपेचमा छ । चीनविरुद्वको लडाइँमा एमसीसीको प्रयोग भएको छ । एमसीसीको माध्यमबाट अमेरिकाले नेपाली भूमिलाई कब्जा गर्न चाहन्छ भन्ने तथ्य एमसीसीका शर्तहरुबाट स्पष्ट हुन्छ । त्यति मात्र हैन अमेरिकाले नेपाली नेताहरुलाई नाङ्गो दबाब र धम्की दिइरहेको छ तर, त्यसको प्रतिवाद कोही नेताबाट हुन सकेको छैन । चीनको विदेश मन्त्रालयले पनि भनेको छ कि नेपालमाथि धम्की दिने अमेरिकी योजनाको प्रतिवाद हुनेछ । त्यसकारण नेपालमा एउटा बृहत राष्ट्रवादी ध्रुवीकरणको टड्कारो आवश्यकता बढेको छ ।

### कम्युनिष्ट सिध्याउने परियोजना

वास्तवमा एमसीसी परियोजनाको उद्देश्य नै कम्युनिष्टहरुलाई सिध्याउने हो । त्यो चाहे एमाले, माके वा एकीकृत समाजवादी होस् वा क्रान्तिकारी पार्टीहरु होस्, सबैलाई सिध्याउने षडयन्त्रअन्तर्गत एमसीसी आएको छ । संसदवादी वा सुधारवादी भए पनि कम्युनिष्ट नामधारी शक्तिलाई जुनसुकै षडयन्त्रमा पारी सिध्याउने वा तहशनहश पार्ने उसको षडयन्त्र छ । केपी ओलीलाई दलाल बनाएरै उनलाई सत्ताच्यूत गरियो । उता पुष्पकमल दाहाल र माधव नेपाललाई पार्टी विभाजनका लागि उक्साएर अनि ओली र दाहाल नेपालबीचको सत्ता संघर्षलाई डुबाएर सिध्याइएको छ । पछिल्लो अवस्थामा चुनावी गठबन्धनको भीख माग्नु पर्ने विवशतामा धकेलिएको छ । उता क्रान्तिकारी शक्तिहरुलाई दमनबाट सिध्याउने रणनीति हुने छ । पुरै देशलाई फुटाउ र शासन गर भन्ने एकसुत्रीय योजनामा धकेल्दै छ । योजनामै अघिल्लो चुनावमा रसातलमा पुगेको नेपाली कांग्रेसलाई बलियो बनाइएको छ । नेपाली कांग्रेसको सरकार बन्ने परमादेशको प्रक्रिया कुनै प्राकृतिक वा स्वभाविक घटना थिएन । त्यसैलाई स्वभाविक बनाउनका लागि प्रतिगमनको आरोप लगाइयो ।


ओली प्रतिगमनको आरोप कम्युनिष्टहरुले नै लगाएका थिए । नेपालमा कम्युनिष्टहरुलाई सिध्याउनु अमेरिकाको पहिलो निशाना हुनेछ । कम्युनिष्ट पार्टी र चीनबीचको सम्बन्ध जुनसुकै बेला सुमधुर हुनसक्छ भन्ने चिन्ता अमेरिकालाई नहुने कुरै भएन । त्यसको बदलामा कम्युनिष्टहरुको बुद्धि र चेतना बुझि नसक्नु र दयनीय छ । माके र एसलाई सिध्याउन पाए एमाले खुसी हुने अनि एमालेलाई सिध्याउन पाए उनीहरु खुसी हुने अवस्था छ । पूर्वसभामुख कृष्णबहादुर महराविरुद्व जुन षडयन्त्र भयो बेग्लै प्रकारको त्यस्तै षडयन्त्रको हतियार अग्नीप्रसाद सापकोटाविरुद्व तयार छ । नेताहरुलाई धम्की पनि आइरहेकै छन् । त्यसकारण एमसीसीलाई कम्युनिष्ट सिध्याउने परियोजनाको रुपमा पनि बुझ्नु सही र वस्तुवादी हुनेछ ।

सामाजिक सञ्जाल




- कुश खरेल

खड्ग ओली र च्याँखे पर्यायबाची शब्द हुन् । यिनले च्याँखे नथापेको कुनै राजनितिक घटना बाँकी छैन, चाहे त्यो सविधान बनाउँदा होस् या आफैले सदनमा पेश गरेको एमसीसी परीयोजना होस्, या भ्रस्टहरूलाई चोख्याउन होस् ! गणतन्त्रलाई बयलगाडासँग तुलना गर्ने खड्गजीले त्यहि गणतन्त्रमा ३/३ पटक प्रम पनि भए !




- मधुरमण आचार्य

रक्सी छाडेबापत एक बोतल सिध्याउने जँड्याहा जस्ता छन् अहिलेका दलका अधिकांश नेताहरू ! सत्ताभित्र र बाहिर रहँदा ठीक उल्टो कुरा गर्छन् । कुन बेला के बोल्छन् र कुन बेला के गर्छन् भन्नै नसकिने !




- विनोद न्यौपाने

चीनिया कार्ड, भारतीय कार्ड खेले यो अमेरिकी कार्ड (रणनीति) जो अर्थतन्त्रसँग अनुदान, ऋण र प्राविधिक सहयोगसम्बन्धी र शासकीय व्यवस्थासँग सम्बन्धित छ - त्यो अमेरिकी कार्ड । भूराजनीतिको खेल्ने हुँदा यी पार्टीहरू सुमारिने अवस्थामा पुगेको देखिन्छ ! दुःख पाउने नेपाली !



- जैनेन्द्र जीवन

सानो छिमेकी यूक्रेनका आफैंले पोषेको बिद्रोहीका नियन्त्रणमा रहेका दुई प्रान्तलाई छुट्टै राष्ट्रको मान्यता दिएर तिनीहरूलाई केही पछि क्रीमिया जस्तै रूसमा मिलाउने पुटिनको दादागिरीमा नेपालका प्रगतिशील, रास्ट्रवादी कसैले बोलेको देखिएन । भोलि नेपालको पनि युक्रेनको नियति हुनसक्ने चेतना भया !



- सन्तोष खडेरी

युक्रेनमा रूसको हस्तक्षेप साना राष्ट्रहरूको सार्वभौमसत्तामाथिको हमला हो । नेपालले कुनै पनि साना राष्ट्रहरूमाथि हुने हस्तक्षेपलाई तिनको सार्वभौमसत्तामाथिको हमलाका रूपमा लिँदै बिगतदेखि नै अन्तर्राष्ट्रिय मञ्चबाट त्यसको विरोध गर्दै आइरहेको छ । यस्ता घटनामा स्पष्ट धारणा राख्नुपर्दछ ।

# अमेरिका रूससँगको युद्धमा किन जाँदैन ?

यूक्रेनमा रूसी आक्रमणको पटकथा लेखनको श्रृंखला चलाएर नाफै नाफा हात पार्ने सपना देखेको अमेरिकी साम्राज्यवाद बेबकूफ बनेको छ । विश्वमा कतै पनि यूद्ध भड्काउन सकिएन भने लुटको धन्धा बन्द हुने र रूससँग गरिएको सम्झौतामाथिको विश्वासघात तथा युद्ध अपराधका घटनाहरूबाट घेरिने भयबाट उ आक्रान्त छ ।

टिप्पणी



● भरत दाहाल

रुसी राष्ट्रपति भ्लादिमिर पुटीनले डोनास्क र लुहान्स्कलाई स्वतन्त्र देशको मान्यता दिएर तिनीहरुसँग सम्झौता गरेर शान्ति सेना पठाएपछि यूरो-अमेरिकी र सिनो-रसियन धुरी दुई वटा शत्रु कित्तामा परिणत भएको छ तर, विश्वको ठूलो हिस्सा यसबारे बोल्न चाहेको देखिँदैन । अमेरिका, यूरोपीयन यूनीयन र बेलायतले रुसमाथि केही नाकाबन्दी मात्र लगाएर यसभन्दा अगाडी बढ्नबाट सतर्कता देखाइरहेका छन् । यीनीहरुले आफ्नो व्यापारिक फाइदाका लागि यूक्रेनलाई उकासेर फसाए तर, त्यसलाई युद्धमा साथ दिने कुनै सम्भावना देखिन्न ।

क्युबा, निकारागुवा, भेनेजुयला, सिरीयाले रुसको समर्थन गरेका छन् भने चीनले यूक्रेनको संकटमा अमेरिका जिम्मेवार रहेको आरोप लगाएको छ । अमेरिकासँग निकट रहेका भारत, जापान, दक्षिण कोरिया जस्ता देशहरुले डरले मुख बन्द गरेका छन् । अमेरिकी साम्राज्यवादको राजनीति भनेको लुट र व्यापार हो । यीनीहरुले अर्कालाई धरापमा हालेर व्यापारको बाटो खोल्छन् तर, साथ दिन कहिल्यै जोखिम मोल्दैनन् । अमेरिकाको उक्साहटमा लागेर यूक्रेनको जति नोक्शान हुनु पर्ने हो, त्यो हुन्छ । दुःखको कुरा, पश्चिमाले यसैलाई धन्धा बनाउँछन् ।

### विक्षिप्त अमेरिकी साम्राज्यवाद !

यूक्रेनमा रूसी आक्रमणको पटकथा लेखनको श्रृंखला चलाएर नाफै नाफा हात पार्ने सपना देखेको अमेरिकी साम्राज्यवाद बेबकूफ बन्दैछ । अमेरिकाले पहिले चीनमा शीतकालिन ओलम्पिक सुरु हुनासाथ रूसी आक्रमण हुँदैछ भन्ने घोषणा गऱ्यो । त्यसपछि फेब्रुअरी १६ मा आक्रमण पक्का भएको ज्योतिषबाजी गऱ्यो । फेब्रुअरी १६ पछि आक्रमणको समय २० तारेख सारेको अमेरिकी साम्राज्यवाद अन्ततः फ्रान्सको मध्यस्थतामा रूससँग शान्ती वार्ता गर्न तयार भएको छ । विश्वमा कतै पनि यूद्ध भड्काउन सकिएन भने लुटको धन्धा बन्द हुने र रूससँग गरिएको सम्झौतामाथिको विश्वासघात तथा युद्ध अपराधका घटनाहरूबाट घेरिने भयबाट आक्रान्त छ अमेरिका ।

### अमेरिकी चक्रब्यूह फस्दा यूक्रेनलाई घाटा

यूक्रेनको डोनबास क्षेत्रका डोनेस्क र लुगानस्क राज्यहरूलाई रूसद्वारा स्वतन्त्र देशको मान्यता, त्यहाँ रूसी सेनाको प्रवेश, यूक्रेनद्वारा अमेरिकासँग सहयोगको हारगुहारको जवाफमा अमेरिकाद्वारा डोनबास क्षेत्रमा अमेरिकी लगानी रोक्ने घोषणा मात्र । यी घटनाहरुबाट प्रष्ट हुन्छ, जहाँ अमेरिका पस्यो, त्यो देश बर्बाद हुन्छ भन्ने तथ्यको राम्रो नमूना यूक्रेन बनेको छ । अब रूससँग न त अमेरिका लड्छ, न यूक्रेन नै जोगिन्छ ।

एमसीसीले नेपाललाई यही दिशामा धकेल्छ । अमेरिकी स्वार्थका लागि देशलाई बाह्य शक्तिहरुको रणभूमी बनाउने बाहेक यसबाट अरु केही हात लाग्दैन । जानि बुझिकन यसको पक्षमा उभिनेहरुले यूक्रेनलाई नेटोमा जोड्न निवेदन दिएर यूक्रेन फसाउने जेलेन्स्कीको भूमिका खेलिरहेका छन् ।

*(लेख लेखक दाहालको फेसबुक वालबाट साभार गरिएको हो ।)*

# महसुल र धारा जडान शुल्क घटाउने प्रतिबद्धता

**रेशम अधिकारी/मध्यान्ह**
रुपन्देही, ११ फागुन



देवदह खानेपानी तथा सरसफाइ संस्थाको उपभोक्ता समितिको निर्वाचनले देवदह यति बेला चुनावी महोलमा तातिएको छ। संस्थाको नयाँ नेतृत्वका लागि नेकपा एमाले बाट गुमान सिंह कुँवर र गठबन्धन बाट मोतिलाल ढकाल प्रतिस्पर्धामा छन्। नेकपा एमाले एक्लै चुनावी मैदानमा होमिएको छ भने गठबन्धन बाट नेपालि कांग्रेस, नेकपा माओवादी केन्द्र, राप्रपा, नेकपा एकीकृत समाजवादीले उम्मेदवारनै उठाएर प्रतिस्प्रधामा छन् भने राष्ट्रिय जनमोर्चा, नेकपा क्रान्तिकारी माओवादी पार्टीको समर्थन गठबन्धनलाई रहेको छ।

सोही क्रममा बुधबार देवदहको एक होटलमा पत्रकार सम्मेलन गर्दै संयुक्त गठबन्धनका उम्मेदवारले प्रतिबद्धता पत्र सार्वजनिक गरेका छन्। नेपाली कांग्रेस, माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी, एकीकृत समाजवादी लगायतका दलका साझा उम्मेदवारहरूले प्रतिबद्धता सार्वजनिक गर्दै आफुहरूले जीत हासिल गरेमा विद्यमान खानेपानी महसुल र धारा जडान शुल्कको रकम घटाईने घोषणा गरेका हुन्।

पत्रकार सम्मेलनमा बोल्दै गठबन्धनको तर्फबाट अध्यक्षका उम्मेदवार मोतिलाल ढकालले विद्यमान खानेपानी महसुल ५० प्रतिशत कम गरि मासिक मात्र ५० रुपैया कायम गरिने बताए। त्यसैगरि धारा जडानमा लिइदै आएको हालको रकममा २५ प्रतिशत कम गरि ९ हजार कायम गरिने उल्लेख गर्दै ढकालले शारीरिक अपाङ्गता भएका, शहिद परिवार र अतिविपन्न परिवारलाई धारा जडानमा थप २५ प्रतिशत छुट प्रदान गरिने घोषणा गरे।

आफुले जनाएको प्रतिबद्धता अनुसार काम गर्दा संस्था मासिक ४ लाख बढी नाफामै रहने उल्लेख गर्दै उनले संस्थागत विकासका लागि उपभोक्तामा मात्र सिमित नरहेर अन्य आम्दानीका स्रोत समेत नेतृत्वले जुटाउनुपर्ने र आफुले उक्त काम गर्ने बताए।

अनावश्यक शुल्क वृद्धि गरेर उपभोक्ताको ढाड सेक्ने पक्षमा आफू नरहेको प्रष्ट पार्दै ढकालले यस अधिको नेतृत्वले चरम शुल्क वृद्धि गर्ने, समयमै साधारणसभा नगर्ने, उपभोक्ता प्रती जवाफदेही नहुने र आर्थिक पारदर्शिता समेत कायम नगरेकोले देवदहमा क्रियाशिल ६ दलको तर्फबाट आफूहरू साझा उम्मेदवारको रुपमा निर्वाचनमा होमिएको बताए।

चुनावी दौरानमा ढकाल प्यानलले यस अधिको नेतृत्वले प्रतिबद्धता अनुसार काम गर्न नसकेको र नियमितरूपमा गर्नुपर्ने सामान्य काम समेत नगरेको बताउँदै आफुहरूलाई जिताउन उपभोक्तासँग अपिल गरेको छ भने कुंवर प्यानलले अझै एकपटक मौका दिन अनुरोध गरेको छ। देवदह खानेपानीका ४ हजार ३ सय उपभोक्ताले यहि फाल्गुन १४ गते निर्वाचन मार्फत नयाँ नेतृत्व चयन गर्दैछन्।

# बाघको सिकार बन्दै बाँकेका स्थानीय

**गणेश रावत/मध्यान्ह**
बाँके, ११ फागुन



पछिल्लो समय बाँकेका स्थानीय बाघको सिकार बन्दै आएका छन्। बाघकै आक्रमणबाट भदौ मसान्तयता पाँचजनाको मृत्यु भइसकेको छ। मृत्यु हुनेमा परिचय नखुलेका एक भारतीय नागरिकसहित, राप्तीसोनारी-६ की चाँदनी थारु, लिला विष्ट, फत्तेपुर का ६० वर्षीय धनबहादुर चलाउने, नरैनापुर गाउँपालिका वडा नम्बर ४ पण्डितपुरुवाका लखन गडरिया छन्।

मृत्यु हुनेमा जंगल क्षेत्रमा दैनिक घाँस, दाउरा गरिरहेका तथा वस्तुभाउ चराउनगएका मानिसहरु छन्। मानिसहरु आफ्नो आवश्यकता पूर्तिका लागि जंगलमा गएका बेला बाघको आहारा बनिरहेका छन्। यसले मानिसहरुको अकालमा ज्यान गइरहेको छ।

मध्यवर्ती क्षेत्रमा बाघको आक्रमणको त्रास झनझन् बढ्दै गएको छ। गाउँका स्थानीय अहिले वन जंगलमा घाँस दाउरा जान समेत डराउन थालेका छन्। यहि आइतबार दिउँसो १२ बजे तिर राप्तिसोनारी गाउँपालिका वडा नम्बर ७ झगडियाका २८ बर्षिय वकिल गद्दी लाइ बाघले आक्रमण गरेर घाइते बनाए। घाँसदाउरा खोज्न गएका बेला बाघले एक्कासी आफूमाथि आक्रमण गरेको घाइते वकिलले बताए।

उनका अनुसार केही समयसम्म बाघसंग दोहोरो लडाई भयो। तत्पश्चात बाघले उनलाई भुइँमा पल्टायो र घाटीबाट रगत चुस्न थाल्यो। उनि बेहोस भएपछि केही थाहा पाएनन्। घाँसदाउरा गर्न संगसंगै गएका अन्य साथीहरुले होहल्ला गरेपछि बाघ भागेको र स्थानीयको सहयोगमा अस्पताल पुगेपछि मात्र उनको होस खुलेको स्थानीयले बताए। बाघले उनको घाँटीको अगाडी र पछाडी दुबैतिर प्वाल पारेको छ। घाँइते गद्दीको नेपालगन्ज मेडिकल कलेज नेपालगन्जमा उपचार भैरहेको छ।

पछिल्लो समय राप्तीसोनारीका मध्यवर्ती क्षेत्रका मानिसहरु कोही रुखमा चढेर र त कोही भागेर मुस्किलले ज्यान जोगाइरहेका छन्। तर अहिलेसम्म पनि बाँके राष्ट्रिय निकुञ्जले मान्छे खाने बाघको पहिचान गर्न नसक्दा अकालमा मानिसको ज्यान गइरहेको छ।

निकुञ्जका प्रमुख श्यामकुमार शाह अझै बाघ नियन्त्रणको प्रयास भइरहेको बताउँछन्। विज्ञहरु नियन्त्रणमा लिनुले आक्रमणको सम्भावना न्यून नहुने बताउँछन्। अध्ययनले समेत के देखाएको छ भने, ९५ प्रतिशत बाघहरू मानिसको सम्पर्कमा नआउने स्वभावका हुन्छन्। बाँकी पाँच प्रतिशतले मानिसलाई समस्या सिर्जना गर्ने सम्भावना हुन्छ। ति पाँच प्रतिशत बाघसमेत निकुञ्जले व्यवस्थापन गर्न नसक्नु दुःखद कुरा हो। निकुञ्ज यो अर्थमा बाघ नियन्त्रणमा असफल साबित भएको छ।

राप्तीसोनारी क्षेत्रमा बाघले मान्छेलाई खाँदा बाँके राष्ट्रिय निकुञ्जले नियन्त्रणमा लिन प्राविधिक टोली खटाएको थियो। निकुञ्जले हात्ती परिचालन गरि प्राविधिक टोलीसहितको सुरक्षाकर्मी परिचालन गरि बाघलाई आहारा राख्दा पनि खान आयन भन्ने जवाफ बाहेक केहि पाउन सकेको छैन। बाँके राष्ट्रिय निकुञ्जका अनुसार बाघ नियन्त्रण र उचित व्यवस्थापनको प्रयास गरिरहेको बताउँछन् तर अहिलेसम्म न मान्छे खाने बाघ भेट्टाउन सकेको छ न पहिचान नै गर्न सकेको छ। स्थानीयहरु त्रासैत्रासमा दैनिकी गुजारिरहेका छन्।

निकुञ्ज क्षेत्रमा आउने नागरिकको सुरक्षा गर्नु आफूहरुको कर्तव्य रहेको प्रमुख श्यामकुमार शाह बताउँछन्।

# अवैध चाँदीका गहनासहित भारतीय नागरिक पक्राउ



**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, ११ फागुन

सिरहाको लहानबाट तीन किलो भन्दा बढी चाँदीको गहना र नगदसहित एक जना भारतीय नागरिकलाई सशस्त्र प्रहरीले पक्राउ गरेको छ। भारतबाट सप्तरीको नाका हुँदै लहान बजारमा गहना लिएर आइरहेको भन्ने सूचनाको आधारमा सशस्त्र प्रहरी बर्दिवास र ७ नम्बर गण हेड क्वार्टर सिरहाबाट खटिएको टोलीले लहान नगरपालिका-७ दुर्गा मन्दिरबाट भारतको विहार मधवनी थाना राजनगर १२ का ३८ वर्षीय रञ्जित रायलाई पक्राउ गरेको प्रहरीले जनाएको छ।

प्रहरीले रायको साथबाट ३ किलो ५२ ग्राम चाँदीको तयारी गहना, नगद २० हजार भारतीय रुपैयाँ र ५ सय १० नेपाली रुपैयाँ सहित पक्राउ गरेको हो।

पक्राउ परेका रायलाई गहनासहित आवश्यक कारबाहीको लागि जिल्ला भन्सार कार्यालय माडरमा बुझाएको ७ नम्बर गणका सूचना अधिकारी तथा डिएसपी विनोद थापाले बताए।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/११/१२**

**हच.डि.होलिडे ट्राभल्स एण्ड टुर्स प्रा.लि.** को मिति २०७७/०४/२३ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बूकिङ्व्हिज नेपाल प्रा.लि. (प्रा. लि. नं.: १२६७९२/०७१/०७२)**, कायम गर्ने गरी मिति २०७७/०५/३० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## सेल्फ सर्भिस प्रोभाइड कम्पनी प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७०/०६/१४ मा दर्ता भएको **सेल्फ सर्भिस प्रोभाइड कम्पनी प्रा.लि.(दर्ता नं. ११६६१४)** को मिति २०७८/११/०८ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसंग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ।

**लिक्वीडेटरः जिवन कुमार थापा, ठेगाना : डिल्लिबजार**
**इजाजतपत्र नं. ४२२, फोन नं. ९८४१६९६९६६**

GOLDEN Opportunit..

VACANCY ANNOUNCEMENT NOTICE!!!
# कर्मचारी आवश्यकता

**Money Home Overseas Pvt. Ltd., one of the leading and Fair & Ethical Recruitment Organization, is announcing the vacancy notice for interested and qualified candidates on the following positions.**

1. Manager (Male or Female) - 1 — Rs. 40000-60000
   - Candidate must have completed Master Degree with minimum 1 year experience in the related field.
2. International marketing officer (Male or Female) - 2 — Rs. 30000-50000
   - Candidate must have completed Bachelor Degree with minimum 1 year experience in the related field.
3. Public Relation Officer (Male or Female) - 1 — Rs.25000-35000
   - Candidate must have completed Bachelor Degree with minimum 1 year experience in the related field.
5. Accountant (Male or Female) - 1 — Rs.20000-30000
   - Candidate must have completed Bachelor Degree with minimum 1 year experience in the related field.
6. Documentation officer (Male or Female) - 2 — Rs.20000-25000
   - Candidate must have completed Bachelor Degree with minimum 1 year experience in the related field.
7. Receptionist (Male or Female) - 1 — Rs.15000+
   - Candidate must have completed SLC or Equivalent with minimum 1 year experience in the related field.
8. Kitchen helper (Female) - 1 — Rs.15000
   - Candidate must have completed Formal Education and experience in the related field.

Providing Fair, Ethical, Transparent and Equal opportunities with "ZERO COST" policy for compliance of non discrimination. Here by we request to share your latest CV along with cover latter at moneyhomeoverseas2009@gmail.com and visit our office by 24th Feb 2022. We will confirm and make sure for maintaining the privacy and confidentiality of your documents and information you share with us.

**Money Home Overseas Pvt. Ltd.**
Govt. Lic. No. 863/066/067
Post Box. No.: 12937, Tokha-10, Ktm, Nepal (Opposite of Police Training Center)
Phone No. 01-4985068, 014984683
Email id: moneyhomeoverseas2009@gmail.com, info@moneyhomeoverseas.com.np
Website: www.moneyhomeoverseas.com.np
An Ethical & Responsible Recruitment Agency

## JORDAN मा रोजगार अवसरको अवसर | कम्पनी : ATATEKS FOREIGN TRADE LTD
शहर : JORDAN

पूर्व स्वीकृत मिति : २०७८/०९/२२ | चलानी नं. : ६०१७२२०४ | L.T. No.:255558 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machine Operator | 50 | 0 | स. काममा दक्ष | 300 | ३५,७९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ फागुन १९ र २० गते (3 & 4 March 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**फेमस ह्युमन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत नं. ५४५/०६१/०६२
कोटेश्वर-३२, तिनकुने, काठमाडौं, नेपाल, फोनः ५१९९५००, ५१९९७००
Email: info@famoushr.com, famoushr545@gmail.com

## QATAR मा रोजगार | १. कम्पनीः Omran Al Khaleej Trading Contracting and Real Estate Company
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/११/११ | चलानी नं.: ६०१७४९६० | L.T. No.: 258402

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 4 | 0 | | 1200 | ३९,३८४ | | | | | | | |

२. कम्पनीः Fast Lane Beauty — शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/११/११ | चलानी नं.: ६०१७४९५९ | L.T. No.: 258401

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Beautician | 0 | 1 | स. काममा दक्ष | 1700 | ५५,७९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १९ गते (3 March 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**RADIANT OVERSEAS P. LTD.**
Tinkune-32, Kathmandu, Nepal | Tel: +977 1 - 4111196 / 4117963
Email: radiant.overseasktm@gmail.com
Govt Lic. No. 1016/068/069

## कतारमा रोजगारको अवसर | कम्पनी : ROTARY ENGENEERING PTE LTD
शहरः Doha

पूर्व स्वीकृत मितिः२०७८/११/११ | चलानी नं.:६०१७४९८० | LT. No.: 258523

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 90 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Forman | 5 | 0 | | 2500 | ८२,०५० | | | | | | | |
| 3. | Driver | 5 | 0 | | 2100 | ६८,९२२ | | | | | | | |
| 4. | Admin Coordinator | 0 | 5 | | 2500 | ८२,०५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १९ गते (3 March 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**इलान इन्टरनेशनल प्रा. लि.**
Govt. Lic. No. 204/057/058
सामाखुसी, रिङरोड, काठमाडौं, फोनः ४३८८४९३, ४३५७८५२, ४३८७८१५, फ्याक्सः ४३५२४४३
Email: elaninternational204@gmail.com, Web.: www.elaninternational.com.np
Mobile: 9801023106, 9803518200, 9851033221, 9851117653, 9851017234
9851314892, 9851093611, 9841194397, 9842101326, 9851039611

## KUWAIT मा रोजगार Kuwait United Poultry Co.

पूर्व स्वीकृती मिति: २०७८/११/११ | चलानी नं :६०१७४९४८ | LT No.: 258423

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Labour | 30 | 0 | [illegible] | 100 | ३९,५३७।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता २०७८ फागुन १९ गते (3 Mar. 2022) यस प्रा. लि. को कार्यालय कलंकी, काठमाडौंमा हुनेछ।**

[illegible]

**रकि ईन्टरनेशनल प्रा. लि.**
श्रम ईजाजत नं.५६४/०६२/०६३
कलंकी, काठमाडौं, फोन: ०१-५२२४५०१, ५२२४५०२, ५२२४५०३


## HOSPITALITY & HOTEL MANAGEMENT COURSES


होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै बारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ। यदि तपाई पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस्। यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगर्नौ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free
Jobs.

Short Courses
- Interview Tips
- English Language
- Service Staff Training
- Customer Service & Skill Development Training

GET TRAINED & DEVELOPE YOUR PERSONALITY





After Training 100% Job Guarantee !

तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१२ फागुन २०७८, बिहीबार
24 February 2022, Thursday

# स्थायी संरचनाका लागि तथ्यांक उपलब्ध गराउन निर्देशन

**जनकपुर/मस–** प्रशासनिक भवनसहितका स्थायी भौतिक संरचना निर्माणका लागि मधेश प्रदेश सरकारले सार्वजनिक जग्गाहरुको तथ्यांक उपलब्ध गराउन धनुषा र महोत्तरीका सम्बन्धित निकायलाई निर्देशन दिएको छ ।

स्थायी भौतिक संरचना निर्माणका लागि प्रदेश सरकारद्वारा गठित अध्ययन र व्यवस्थापन समितिले प्रदेशका राजधानीको चार किल्ला भित्रको पाँच बिगहाभन्दा बढी क्षेत्रलफलका सार्वजनिक जग्गाहरुको तथ्याङक उपलब्ध गराउन धनुषा र महोत्तरीका मालपोत, नापी तथा गुठी संस्थान कार्यालयलाई निर्देशन दिएका हो ।

समितिका संयोजक भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादवले धनुषा र महोत्तरी जिल्लाका मालपोत, नापी र गुठी संस्थाका प्रमुखहरूसँगको संयुक्त बैठकमा जग्गाहरुको तथ्यांक सात दिनभित्र उपलब्ध गराउन निर्देशन दिएका हुन् ।

संयोजक यादवले भने, 'जग्गा खोज्न सहजताका लागि राजधानीको चार किल्लाभित्र पाँच बिगहाभन्दा बढी खाली सार्वजनिक जग्गाको तथ्यांक उपलब्ध गराउन धनुषा र महोत्तरीका मालपोत र नापी तथा गुठी संस्थान कार्यालयलाई



निर्देशन दिएका छौं ।'

उनका अनुसार अहिलेसम्म प्रदेश सरकारको स्थायी भौतिक संरचना निर्माणका लागि जनकपुरधाम विमानस्थल नजिक रहेको गुठी संस्थानको १० बिगहा र पुलचोकनजिक रहेको ५२ बिगहा जग्गाको निरीक्षण तथा अनुगमन समितिले गरिसकेको छ ।

गत ३ माघमा प्रदेशले नाम र स्थायी राजधानी घोषणा गरेपछि प्रदेश सरकारले आफ्नो प्रशासनिक कार्यालय, आवास र मातहतका निकायहरुको लागि स्थायी भौतिक संरचना निर्माण गर्ने कार्यलाई तिव्रता दिएका छन् । सरकार गठन भएको चार वर्षदेखि प्रशासनिक कार्य जनकपुर चुरोट कारखाना (जचुकालि) परिसरमा रहेका भवनहरुमा सञ्चालन हुँदै आएको छ ।

जचुकालिको करिब ३१ बिगहामध्ये २५ बिगहा जग्गामा रहेका भवनहरुको मर्मत सम्भार गरी प्रदेश सरकारले आफ्नो प्रशासनिक कार्य र आवासमा उपभोग गर्दै आएको छ ।

जचुकालि परिसरमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश सभा सचिवालय बाहेक सबै मन्त्रालयको आवाससहित प्रशासनिक कार्य सञ्चालन हुँदै आएको छ ।

प्रदेश सरकारले आफ्ना प्रशासनिक र आवास भवन तथा मातहत कार्यालयको स्थायी भौतिक संरचना निर्माणका लागि गएको माघ १८ गते मन्त्रिपरिषद् बैठकबाट भौतिक पूर्वाधार तथा विकासमन्त्री रामसरोज यादवको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको थियो ।

समितिलाई ६० दिनभित्र स्थायी भौतिक संरचना निर्माणको अध्ययन र व्यवस्थापनसहितको प्रतिवेदन तयार पारी पेस गर्न समयावधि दिइएको छ । सो समितिको सदस्यहरुमा उद्योग, पर्यटन तथा वनमन्त्री सत्रुधन महतो, अर्थ मन्त्री शैलेन्द्रप्रसाद साह, भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्री विजय यादव र आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साह रहेका छन् ।

# नवलपरासीमा ६ जना फरार अभियुक्त पक्राउ

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, ११ फागुन

नवलपरासीमा विभिन्न मुद्दामा फरार रहेका ६ जना फरार अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ । ि

जल्ला अदालतबाट २०६९ सालदेखि २०७१ सालसम्मका विभिन्न मितिमा फैसला भई तत्काल सजाय भुक्तान गर्न बाँकी रहेका अभियुक्तलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय नवलपरासीले बुधवार जानकारी दिइएको हो ।



प्रहरीका अनुसार सुनवल नगरपालिका अन्तर्गत क्षेत्रबाट वन मुद्दामा ६ जनालाई ईलाका प्रहरी कार्यालय सुनवलले पक्राउ गरेको हो । ४ महिना २४ दिन कैद र८९ हजार हजार ५ सय २७ रुपैयाँ जरिवाना रहेको ६ जना फरार अभियुक्तहरुलाई आवश्यक कारबाहीको लागि जिल्ला अदालतमा पेश गरिएको र अदालतबाट लगत अनुसारको कारवाही भएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय तथा मातहत समेतबाट मंसिर २८ गतेदेखि हालसम्म विभिन्न मुद्दाका १५४ जना फरार अभियुक्त जिल्लाको विभिन्न स्थानबाट पक्राउ गरी आवश्यक कारबाहीको लागि जिल्ला अदालतमा पेश गरिएको छ ।

# ६ न्यायाधीशको नाम सिफारिस




**काठमाडौं/मस–** कामु प्रधानन्यायाधीश दीपककुमार कार्कीको अध्यक्षमा बसेको न्याय परिषद्को बैठकले विशेष अदालतको अध्यक्ष र सदस्यका लागि ६ न्यायाधीशको नाम सिफारिस गरेको छ । बुधबार बसेको परिषद्को बैठकले विशेष अदालतको अध्यक्षका लागि १ जना र सदस्यका लागि ५ जनाको नाम सिफारिस गरेको हो ।

विशेष अदालतको अध्यक्षका लागि उच्च अदालत पाटनमा दरबन्दी भइ हाल उच्च अदालत पोखराको बागलुङ इजलासमा रहेका न्यायाधीश श्रीकान्त पौडेलको नाम सिफारिस भएको छ ।

सदस्यका लागि उच्च अदालत जनकपुरको वीरगञ्ज इजलासका न्यायाधीश रमेशकुमार पोखरेल, उच्च अदालत विराटनगरका न्यायाधीश यमुना भट्टराई, उच्च अदालत पोखराको बागलुङ इजलासका न्यायाधीश शालिग्राम कोइराला, उच्च अदालत तुलसीपुरको बुटवल इजलासका न्यायाधीश बलभद्र बास्तोला र उच्च अदालत पाटनका न्यायाधीश खुसी प्रसाद थारुको नाम सिफारिस भएको छ ।

६ न्यायाधीश रहने व्यवस्था भएको विशेष अदालतमा गत साउन १ देखि अध्यक्षसहित चार न्यायाधीशको पद रिक्त छ। विशेष अदालतमा उच्च अदालतका न्यायाधीशलाई काज सरुवा गर्ने व्यवस्था छ। आज सिफारिस भएका व्यक्तिबाट सरकारले नाम छनोट गर्ने छ ।

# सत्तारुढ दलहरुले दोहोरो चरित्र देखाए : पोखरेल



**बुटवल/मस–** नेकपा एमालेका महसचिव शंकर पोखरेलले एमसीसीमा सत्तारुढ दलले दोहोरो चरित्र देखाएको आरोप लगाएका छन् । सरकारमा बसेर दुईथरी दृष्टिकोण बनाउन नमिल्ने उनको भनाइ छ ।

एमालेको लुम्बिनी प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रमलाई बुधबार बुटवलमा सम्बोधन गर्दै महासचिव पोखरेलले एमसीसी संसदमा टेबुल गर्ने भनेर भित्र सहमति गर्ने तर, सडकमा गाईजात्रा देखाएर माओवादी केन्द्र र एकीकृत समाजवादीले दोहोरो चरित्र प्रर्दशन गरेको बताए ।

'सरकारको दृष्टिकोण एउटै हुनुपर्छ, एउटै दृष्टिकोण नहुने हो भने सरकारमा बस्ने नैतिकता रहँदैन,' उनले भने । महासचिव पोखरेलले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री र कृष्णबहादुर महरा अर्थमन्त्री भएका बेला एमसीसीका अहिलेका प्रावधानमा सम्झौता गरिएको र देउवा नेतृत्वको माओवादी सम्मिलित सरकारले सम्झौतामा हस्ताक्षर गरेको उनको भनाइ छ । आफैँले गरेको सम्झौतालाई लिएर जनतामा भ्रम सिर्जन गर्ने र सडकमा गाईजात्रा देखाउने काम भएको पोखरेलले बताए ।

संसद नचलेसम्म एमाले संसदमा हुने कुनै पनि काम कारवाहीमा सहभागी नहुने भन्दै उनले संसदमा छलफल गर्ने वातावरण तयार भएपछि एमालेले एमसीसीप्रतिको आफ्नो धारणा राख्ने बताए । 'हाम्रा मुद्दा सम्बोधन भएपछि संसदका हरेक विषयमा दृष्टिकोण दिन्छौं,' पोखरेलले भने । एमाले कारवाही गरेका १४ जना गैरसांसदलाई राखेर संसद चल्न नसक्ने पनि उनले बताए । उनले सभामुखले गल्ती नसच्याएसम्म सदनको कारवाही अगाडि बढ्न नसक्ने बताए । एमाले अब निर्वाचनतर्फ केन्द्रित भएको भन्दै जनताको विश्वास जित्ने बलियो शक्तिको रुपमा एमाले स्थापित भएको उनले दावी गरे ।

दुई दिनसम्म चल्ने प्रशिक्षणमा लुम्बिनी प्रदेशका १२ वटै जिल्लाबाट कार्यकर्ता सहभागी छन् । सहभागीलाई विभिन्न विषयमा केन्द्रित रहेर समूहगत छलफल गराइने एमाले लुम्बिनी प्रदेश कमिटीका उपाध्यक्ष भोजप्रसाद श्रेष्ठले बताए ।


## साउदीमा रोजगार | कम्पनी :AL ABJAB SQUARE GENERAL CONTRACTING शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/११/०९ चलानी नं.: ६०१७४९७४ LT. No.:258309

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 1 | 0 | स. काममा दक्ष | 1100 | ३५,००२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १९ गते (3 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्फौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**NEW ALFA H.R. SERVICES PVT. LTD.**
श्रम इजाजत पत्र नं.: १०९०/०७३/०७४
Maharajgung-3, Kathmandu | Tel: 9851091508, 01-4721183, 01-4721184
E-mail: newalfahrs@gmail.com | Web.: www.newalfahrs.com

## साउदीमा रोजगार | कम्पनी: PREMIUM FOOD COMPANY LTD शहर: SAUDI

पुर्व स्वीकृत मितिः २०७८/११/११ चलानी नं.: ६०१७४९७६ L.T. No.: 258527

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 30 | 0 | स. काममा दक्ष | 1200 | ३८,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १९ गते (3 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्फौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**देवान कन्सल्ट्यान्ट्स प्रा.लि.**
श्रम इजाजत नं.: ८४१/०६६/०६७
पो.ब.नं. २१२२३, बत्तिसपुतली, गौशाला, काठमाडौं (क्यापिटल मर्चेन्ट बैंकको ठिक पछाडी)
फोन: ०१-४४८२९०१, ४४८२९०२, ४४८२९०३,

## Malaysia मा रोजगार | REGAL GUARDFORCE SDN BHD

पुन : विज्ञापन । पूर्व स्वीकृती मिति: २०७६/०८/०६ चलानी नं. [illegible] LT No.: 227607

